- महानगर भित्र जलवायु परिवर्तनका असरहरुसँग जुध्नको लागि जलवायु अनुकुलन तथा न्यूनीकरण योजना निर्माण गरी लागू गरिनेछ ।

- सबै प्रकारका विपद्हरुको व्यवस्थापनको लागि प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना निर्माण गरी लागू गरिनेछ । जल उत्पन्न प्रकोप नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

पर्यटन तथा संस्कृति

- महानगरपालिकाको प्राकृतिक सौन्दर्यको सम्वर्द्धन र विकास गर्दै सामाजिक तथा सांस्कृतिक सम्पदा एवं संस्थाहरुको विकास एवम् संरक्षण गर्दै सामाजिक तथा वातावरणीय उत्तरदायित्वसहितको पर्यटन व्यवसाय प्रवर्द्धन गरिने छ । कोभिड १९ को कारणले उत्पन्न बन्दाबन्दीले समग्र पर्यटन क्षेत्रमा परेको प्रतिकुल असरबाट मुक्त बनाएर पुन सञ्चालन गर्न जोड दिइने छ ।
- महानगर भित्र रहेका ताल तलैया तथा प्राकृतिक सम्पदाको संरक्षण गर्दै कास्की जिल्ला भित्र एग्रो टुरिज्म विस्तार गरिँदै लगिने छ ।
- हाम्रो चाहना पर्यटन मैत्री निर्माण संरचनालाई अभियानको रुपमा निरन्तरता दिँदै पोखरा महानगर क्षेत्र भित्रका तालहरुको सिंमाकन गरी समयानुकुल मापदण्ड निर्धारणका लागि प्राविधिक समिति गठन गरी मापदण्ड निर्धारण गरिनेछ । सफा ताल अभियानका रुपमा महानगर भरी नै ताल संरक्षणका लागि सञ्चालन गरी फेवातालमा मिसिएको ढल डाइभर्सन गरिनेछ ।
- सामुदायिक वनसँगको सहकार्यमा खुल्ला क्षेत्र संरक्षण तथा पर्यटकीय गन्तव्य बनाउने नीति अवलम्बन गरिनेछ ।

सहकारी, उद्योग, वाणिज्य तथा आपूर्ति,

- हाल सञ्चालनमा रहेका सहकारीहरुको सवलीकरण गरी स्थानीय स्तरमा संकलित पुँजीलाई उत्पादन तथा उद्यम विकासमा परिचालन गर्न महानगर, सहकारी तथा नगरावासीहरुको संयुक्त लगानीमा महानगरस्तरीय विशिष्ठीकृत संघ तथा वडा स्तरमा उद्योगहरु सञ्चालन गर्ने र आगामी वर्ष सहकारी बैंकको स्थापना सम्भाव्यता अध्ययन गर्न अध्ययन कार्यदलको गठन गरिनेछ । सहकारी शाखालाई सवलीकरण गरी उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रसँग अन्तर सम्बन्धित गरिने छ । सबै नागरिकहरुलाई सहकारीमा आवद्ध गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महानगरपालिकामा सञ्चालित व्यवसायहरुको सुरक्षा तथा विकास गर्न, व्यवसायी र समुदायको सम्बन्ध सुमधुर बनाएर सुरक्षित व्यावसायिक वातावरण निर्माण गर्न व्यवसायहरुको अभिलेखीकरण गर्न प्रोत्साहन गरिनेछ ।

- कोभिड १९ ले सिर्जना गरेको प्रतिकुल अवस्थाको सामना गर्न युवाहरुलाई नयाँ व्यवसाय सुरु गर्न नव उद्यम प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कोभिड १९ ले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा परिहेको प्रतिकुल असरलाई मध्यनजर गर्दै व्यवसाय सञ्चालन हुने वातावरण निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

शिक्षा, विज्ञान तथा प्रविधि–

- सबै तह र तप्काका नागरिकको शिक्षामा पहुँच सुनिश्चित गर्न यस महानगरपालिकको बहुप्राविधिक शिक्षालयलाई स्तरोन्नति गरिने छ । सामुदायिक विद्यालयहरुलाई क्रमश: प्राविधिक विद्यालयमा स्तरोन्नति गर्ने, बाल विकास केन्द्र, आधारभूत विद्यालय, माध्यामिक विद्यालय, सामुदायिक सिकाइ केन्द्रहरुको स्तरोन्नति गर्दै प्राविधिक र सैद्धान्तिक शिक्षाको अनुपात ८०:२० पुऱ्याउने लक्ष्य लिइएको छ ।
- शिक्षा परिषद् र वडा शिक्षा समितिहरुलाई सवलीकरण गरी विद्यालय अनुगमनलाई प्रभावकारी बनाइँदै सामुदायिक विद्यायालयको स्तर वृद्धिमा जोड दिइनेछ ।
- स्थानीय अर्थतन्त्र र बजारको माग अनुसारको दक्ष जनशक्ति विकास गर्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महानगरपालिकाद्वारा सञ्चालित तालिम केन्द्रमा सिपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महानगरभित्रका सञ्चालित विश्वविद्यालय, क्याम्पस तथा अध्ययन केन्द्रसँगको सहकार्यमा अनुसन्धान कार्यक्रम अगाडि बढाइनेछ । विज्ञान तथा प्रविधि अध्ययन थप व्यवस्थित बनाउँदै महानगर विज्ञान सम्मेलन आयोजना गर्दै लगिने छ ।
- कोरोना संक्रमणका कारण विद्यालय सञ्चालन गर्न नसकिएको अवस्थालाई मध्यनजर गर्दै वैकल्पिक शिक्षा पद्धतिको विकास गर्दै लगिनेछ ।
- प्राविधिक जनशक्ति उत्पादन तथा व्यवस्थापनको लागि सीप विकासका कार्यक्रम अगाडि बढाइ सिप तथा ज्ञानको आधारमा रोजगारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- महानगरपालिकाद्धारा सञ्चालित अनुसन्धान केन्द्रमार्फत अध्ययन अनुसन्धानका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महानगरस्थित शैक्षिक संघ संस्था तथा प्रतिष्ठानहरुसँग सहकार्य गरी शैक्षिक तथा वौद्धिक गतिविधिहरुलाई बढवा दिइने छ ।

खेलकुद

- खेलकुदको विकास गर्न विद्यमान खेलकुद कानुनलाई समय सापेक्ष बनाइने छ । महानगरीय खेलकुद विकास समिति गठन गरिने छ । पोखरा महानगरलाई खेलकुद सहरका रुपमा विकास गर्न नेपाल सरकार र प्रदेश सरकारको सहकार्यमा राष्ट्रिय, स्थानीय र अन्तर्राष्ट्रियस्तरका खेल पूर्वाधार निर्माण र भएका पूर्वाधारको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइने छ । स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता सञ्चालन गर्न प्रोत्साहन तथा सहजीकरण गरिने छ । एक वडा एक खेल मैदानलाई निरन्तरता दिइने छ । महानगरको प्रतिनिधित्व गर्ने खेलाडीहरुको हौसला प्रदान गर्न पुरस्कार र सम्मानको व्यवस्था गरिने छ ।
- स्वास्थ्यका लागि व्यायाम कार्यक्रमलाई अभियानको रुपमै टोल टोलमा सञ्चालन गरिने छ ।

स्वास्थ्य तथा पोषण

- गुणस्तरीय स्वास्थ्य सेवामा महानगरवासीहरुको पहुँच सुनिश्चित गर्न स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाइने छ । भौतिक संरचनाहरुको विकास, दक्ष जनशक्ति व्यवस्थापन, प्रयोगशाला तथा उपकरणहरुको व्यवस्था गरी महानगरस्थित स्वास्थ्य सेवा प्रदायक संघ संस्थाहरुसँग समन्वय एवं सहकार्य गरिने छ । सहरी आधारभूत स्वास्थ्य केन्द्रहरुद्धारा गुणस्तरीय सेवा उपलब्ध गराइ सामाजिक न्यायसहितको जवाफदेही स्वास्थ्य सेवा प्रणालीको विकास गरी स्वस्थ्य समाजको निर्माणमा जोड दिइनेछ ।
- कोभिड–१९ लाई सम्वोधन गर्न हाल सञ्चालित कार्यक्रमहरुको निरन्तरता गर्दै थप विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- निजी क्षेत्रहरुबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको गुणस्तरलाई नियमित रुपमा अनुगमन गरी थप जिम्मेवार र जवाफदेही बनाइने छ ।
- कोरोना संक्रमणसँग जुध्न महानगर भित्र प्रदेश सरकारको समन्वयमा विशिष्टकृत अस्पताल स्थापना एवं सञ्चानलको नीति लिइनेछ ।
- वडा वडामा घुम्ती स्वास्थ्य क्लिनिकको मार्फत सबैको लागि स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ । विषयगत स्वास्थ्य कार्यक्रम वडा स्तरमा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

पूर्वाधार विकास

- विद्यमान भौतिक पूर्वाधारहरुको मर्मतसम्भार, संरक्षण तथा स्तरोन्नति गर्दै, अब बन्ने भौतिक पूर्वाधारहरुलाई दिगो गुणस्तरीय, समावेशी, उत्थानशील र वातावरण एवं संस्कृति मैत्री बनाउँदै दिगो तथा समावेशी विकासको आधारशिला तयार गरिने छ ।

- पोखरा महानगरक्षेत्र भित्र एकीकृत यातायात व्यवस्थापन नीति लिँदै क्षेत्रीय बसपार्क निर्माण कार्यमा जोड दिइनेछ । पोखरामा बन्दै गरेको पर्यटक बसपार्क निर्माण कार्यलाई सम्पन्न गर्न समन्वय गर्दै पृथ्वीचोकमा सिटी बस टर्मिनल निर्माण गरिनेछ ।
- पोखरालाई पर्यटकीय तथा व्यापारीक केन्द्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गर्दै लगिनेछ । आवश्यकता अनुसार सडक स्तरोन्नति गर्दै ट्राफिक लाइट, पार्किङ तथा सर्भिस स्टेसन, चार्जिङ स्टेसन, पैदल मार्ग निर्माण गर्दै लगिनेछ ।
- पोखरा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल समयमै सञ्चालन गर्न आवश्यक सहयोग गर्दै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलदेखि लेकसाइड र बेगनास क्षेत्र जोड्नको लागि फास्टट्र्याक निर्माण गरिनेछ । विश्व बैंकको सहकार्यमा तालचोक बेगनास सडकलाई नमुना सडकको रुपमा विकास गरिने छ ।
- गाउँसहर जोड्ने पहुँच सडक निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने नीति लिँदै मुख्य सहरी क्षेत्रमा ओभरहेड र सबवे संरचना निर्माण गरिँदै लगिनेछ ।
- **'लेक टु लेक, केभ टु केभ'** जोड्ने सडक नमुना मार्गको रुपमा अगाडि बढाउँदै लगिनेछ । पोखरा सभागृहको मर्मत सम्भार कार्यलाई तत्काल अगाडि बढाइने छ । अन्तर्राष्ट्रिय स्तरको सभाहल निर्माणको लागि सम्भाव्यता अध्ययन गरी काम अगाडि बढाइनेछ
- मेयर नमुना पूर्वाधार योजना कार्यक्रमलाई निरन्तरता दिँदै महानगरभित्रका सडकलाई २ वर्ष भित्रमा नमुना सडकको रुपमा विकास गरिने छ ।
- पोखरा रिङरोड निर्माणको लागि विस्तृत सम्भाव्यता अध्ययन गरिने छ ।

लोकतन्त्र, सुशासन तथा संस्थागत विकास

- महानगरपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाहरुलाई सबै नागरिकहरुको लागि समान प्रक्रियाको सुनिश्चिता गरिने छ । सेवा प्रदायकहरुलाई सेवाग्राहीहरुप्रति उच्च सम्मान र गुणस्तरीय सेवा प्रवाह गर्न जनउत्तरदायी प्रशासनमा जोड दिइने छ ।
- महानगर अन्तर्गतका सबै क्रियाकलापहरुलाई समेटेर नियमित रुपमा सार्वजानिक सुनुवाइ तथा सामाजिक परीक्षणलाई निरन्तरता दिइनेछ ।
- महानगरपालिकाको वडाहरुको गरिबी नक्सांकन तथा पारिवारिक विवरण संकलनको काम अगाडि बढाइनेछ ।
- सार्वजनिक सरकारी सम्पत्ति, राजस्व, घरनक्सा, पञ्जीकरण लगायतका विवरणको डिजिटल अभिलेख राख्ने कामलाई निरन्तरता दिइने छ ।

कर तथा राजश्व प्रशासन

- राजश्व प्रशासनको क्षमता अभिवृद्धि गरी करको दायर र कर पालना अभिवृद्धि गरिने छ । कोरोना भाइसरको कारणले सिर्जित विषम परिस्थितिलाई सम्बोधन गर्न आवश्यक व्यवस्था गरिने छ ।
- अन्डर ग्राउन्ड पार्किङसहित भवन निर्माण गर्नेहरुको हकमा एक तल्लासम्मको राजश्व मिनाहा गर्ने व्यवस्था मिलाइनेछ ।

खानेपानी तथा सरसफाइ

- मापदण्ड अनुसार नक्शा पास सम्पन्नताको प्रमाणपत्र लिइसकेका सबै घरधुरीहरुमा स्वच्छ पिउने पानी उपलब्ध गराइनेछ । एक घर एक धारा खानेपानि आयोजनालाइ यस आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ ।
- घरबाट उत्पादित फोहोरहरुलाई कुहिने, पुन प्रयोग हुने र अनिवार्य रुपमा बिर्सजन गर्ने पर्ने गरी तीन प्रकारका फोहोरमा वर्गीकरण गरी संकलन गर्ने र तदनुरुप महानगरपालिकाले व्यवस्थापन गर्ने नीति लिइने छ ।
- सार्वजानिक स्थलका फोहोरलाई समयमा नै उचित व्यवस्थापन गरिनेछ ।
- फोहोर मैलालाई व्यवस्थापन गर्न विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै व्यवस्थित ल्यान्डफिल साइट सञ्चालनको आवश्यक व्यवस्था गरिने छ ।
- जनघनत्व धेरै भएका र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण भएका स्थानहरुमा स्वच्छ पिउने पानी, शौचालय तथा फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।

मानव संसाधन

- महिलाहरुको व्यक्तित्व विकासको लागि आवश्यक पर्ने नीतिगत सुधार, सामाजिक मूल्य र मान्यताहरुमा रुपान्तरण, आर्थिक विकासका अवसरहरुमा सहभागिता र अधिकारमा दाबी गरेर उपयोग गर्न सक्षम बनाउन कार्यक्रमहरु सञ्चान गरिनेछ ।
- कोभिड–१९ का कारण प्रभावित महिलाहरुको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- युवाहरुमा अन्तरनिहीत क्षमताहरुको प्रष्फुटन गराएर सकारात्मक समाजको निर्माण गर्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महानगरपालिकालाई बालमैत्री नगरको रुपमा विकास गर्न आवश्यक पर्ने नीतिगत व्यवस्था तथा पूर्वाधार संरचनाहरुको विकास गरिनेछ ।

- ज्येष्ठ नागरीकहरुको मान सम्मान र सुरक्षाको प्रत्याभूति गर्दै वहाँहरुको सिकाइ र अनुभवहरुलाई समाज विकासको लागि सदुपयोगका गर्दै स्वास्थ्य तथा सुरक्षा प्रवर्द्धनका लागि कार्यक्रमहरु सञ्चालन गर्दै ज्येष्ठ नागरीक निशुल्क यातायातको व्यवस्था गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको आत्मसम्मानको सुरक्षाको सुनिश्चित गर्दै महानगरपालिकालाई अपाँगमैत्री महानगरको रुपमा विकास गर्नुका साथै अपांगता भएका व्यक्तिलाई निशुल्क यातायातको व्यवस्था गरिनेछ ।
- कारोनाका कारण रोजगारी गुमाएका नागरिकका लागि रोजगारी बिशेष कार्यक्रम संचालन गर्नुका साथै कोरोना संक्रमण फैलिन नदिनका लागि बिशेष सावधानि अपनाइ जनस्वास्थ्य सुरक्षाका कार्यक्रम संचालन गरिनेछ ।
- महानगर भित्र सबै प्रकारका छुवाछुत तथा विभेदहरुको अन्त्य गरी समावेशी र सम्मानित समाजको प्रवर्द्धन गरिनेछ ।
- अल्पसंख्यकहरुको हक हितको संरक्षण गर्दै विकास प्रक्रियामा सहभागिताको सुनिश्चितता गरिनेछ

न्यायिक समिति

- न्यायिक समिति मार्फत् प्रदान गरिने सेवालाई मेलमिलाप तथा मध्यस्तताको माध्यमबाट थप प्रभावकारी र सर्वसुलभ बनाइने छ ।
- लैंगिक समानता तथा हिंसामा परेका महिलाको सहायता लागि कानुनी परामर्श तथा सहायता कक्षलाई थप व्यवस्थित र सुलभ बनाइने छ

सामाजिक सुरक्षा

- एकल महिला, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, दुहुरा, सिमान्तकृत र लोपोन्मुख समुदायका लागि यातायात, स्वास्थ्य र शिक्षा क्षेत्रमा सहुलियत प्रदान गर्न आवश्यक पहल गरिने छ । सामाजिक सुरक्षा सहायता थप कार्यलाइ निरन्तरता दिदै लगिनेछ ।
- हरेक वर्ष विश्व ज्येष्ठ नागरिक दिवस (अक्टुबर १) मा महानगरका सबै भन्दा ज्येष्ठ महिला र पुरूषलाई **महानगर माता** र **महानगर पिता** को सम्मान प्रदान गरिने छ ।
- पत्रकार सामाजिक सुरक्षाका लागि पत्रकार उपचार कोष संचालनलाई निरन्तरता प्रदान गरिनेछ ।

डिजिटल तथा कलर क्लस्टर निर्माण

- महानगरले सञ्चालन गरेको रंगिन क्लस्टर निर्माण गरी नमुना बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

- वडा कार्यालय तथा विद्यालयमा सिसिक्यामेरा जडान गर्नुका साथै मुख्य सहरी क्षेत्रमा समेत सिसि क्यामरा विस्तार गर्दै सुरक्षित पोखरा निर्माणको अभियानलाई निरन्तरता दिइनेछ ।

उपप्रमुखसँग महिला कार्यक्रम

- **'समृद्धि र विकास निर्माणको आधार, सम्पूर्ण क्षेत्रमा महिलालाई समान व्यवहार'** को नारालाई आत्मसाथ गर्दै महानगर क्षेत्रभित्र महिला सशक्तीकरण र उद्यमशीलता विकासको लागि उपप्रमुखसँग महिला कार्यक्रमलाई कोरोनाबाट रोजगारी गुमेका महिलालाइ स्वरोजगार बनाउनका लागि सञ्चालनमा ल्याइनेछ ।

भाषा, कला, साहित्य, संस्कृतिको संरक्षण र विकास

- विद्यालयमा स्थानीय भाषामा कक्षा सञ्चालनको लागि आवश्यक पाठ्यक्रम तर्जुमा, स्थानीय भाषामा व्याकरण तयारी गरी लागू गर्न सुरुवात गरिनेछ ।
- पोखरा महानगरपालिका वडा नम्बर २७ अर्चेलस्थित कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थललाई साहित्य अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, सभासदज्युहरु, नगरस्थित क्रियाशील राजनीतिक दलहरु, नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरु, कर्मचारी मित्रहरुलाई पुनः धन्यवाद दिन चाहन्छु । पोखराको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार,गण्डकी प्रदेश सरकार दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म, पोखरा महानगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुने नै छ भन्ने विश्वास गर्दछु । धन्यवाद ।

जय पोखरा नगरबासी !
जय पोखरा महानगरपालिका !!

मानबादुर जिसी
प्रमुख

आर्थिक ऐन, २०७७

नगरसभाबाट स्वीकृत मिति : २०७७।०३।१२

प्रस्तावना :

पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर तथा शुल्क, दस्तुर संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पोखरा महानगरपालिकाको नगर सभाबाट यो ऐन स्वीकृत गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१)यस ऐनको नाम पोखरा महानगरपालिका आर्थिक ऐन २०७७ रहने छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गते देखि पोखरा महानगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२. **सम्पत्ति कर:** पोखरा महानगरपालिका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिनेछ । घरको मूल्याङ्कन अनुसूची (२) अनुसार, घरको बनौटको आधारमा ह्रास कट्टी अनुसूची (३) अनुसार र जग्गाको मूल्याङ्कन अनुसूची (४) अनुसार गरिनेछ ।

३. **भूमि कर (मालपोत):** पोखरा महानगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमि बाहेकमा अनुसूची (५) बमोजिम भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

४. **बहाल कर:** (१) पोखरा महानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा सँस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची (६) बमोजिम बहाल कर लगाई मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको लागि बहाल रकमको मूल्यांकन सम्वन्धी व्यवस्था अनुसूची (७) मा उल्लेख भएबमोजिम हुनेछ ।

५. **व्यवसाय कर:** (१) पोखरा महानगरपालिका क्षेत्र भित्र उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीलाई आधार लिई गरिएको बर्गिकरण अनुसार अनुसूची (८) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ ।

(२) पोखरा महानगर क्षेत्रभित्र विगत लामो समय देखि पेशा व्यवसाय संचालन गरेका तर करको दायरामा नआएका व्यवसायहरुलाई करको दायरामा ल्याउनको लागि आर्थिक वर्ष २०७४।०७५ बाट कर लिई पेशा व्यवसायको इजाजत दिइनेछ ।

(३) आर्थिक वर्ष २०७४।०७५ बाट व्यवसाय कर असुल गर्दा व्यवसाय करको दर आर्थिक वर्ष २०७७।०७८ मा उल्लेख भएको दरमा नै असुल गरिनेछ । यो सेवा २०७७ चैत्र भित्र व्यवसाय दर्ता गर्दा मात्र लागु हुनेछ ।

(४) ध्वनि प्रदुषण, वातावरण प्रदुषण गर्ने उद्योग व्यवसायहरुमा अनुसूचनी (८) बमोजिम लाग्ने व्यवसाय करमा २० प्रतिशत थप गरी व्यवसाय कर असुल गरिने छ ।

६. **जडीबुटी, कवाडी र जीवजन्तु कर:** पोखरा महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्याखाँ, छाला जस्ता वस्तुको व्यावसायीक कारोवार गरेबापत अनुसूची (९) बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

७. **प्राकृतिक स्रोत साधन विक्री:** पोखरा महानगपालिकाले आफ्नो क्षेत्रभित्र उपलब्ध हुने प्राकृतिक स्रोतहरु ढुङ्गा, गिटी, बालुवा, चुनढुगां, दहत्तर, बहत्तर आदिमा अनुसूची (१०)बमोजिम न्यूनतम दर कायम गरी विक्री गरिने छ ।

८. **विज्ञापन कर:** पोखरा महानगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (११) बमोजिम विज्ञापन कर लगाई असुल उपर गरिनेछ । संकलित विज्ञापन कर रकम अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको व्यवस्था बमोजिम बाँडफाँट हुनेछ ।

९. **मनोरञ्जन कर:** पोखरा महानगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा गण्डकी प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ । संकलित मनोरञ्जन कर अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको व्यवस्था बमोजिम बाँडफाँट हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** पोखरा महानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची(१२) अनुसार बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

११. **पार्किङ्ग शुल्क:** पोखरा महानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत अनुसूची (१३) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाइ असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ज्याफ्टिङ्ग शुल्क:**पोखरा महानगरपालिका क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ज्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (१४) बमोजिम शुल्क लगाइ असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क दस्तुर :** पोखरा महानगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१५) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क तथा दस्तुर लगाई असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क:** पोखरा महानगरपालिकाले आफुले निर्माण गरेका वा हस्तान्तरण भई आएका वा सञ्चालनमा रहेका पर्यटकीय स्थलमा प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१६) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ ।

१५. **सम्पत्ति बहाल:**नगरपालिकाको स्वामित्वमा रहेका जमिन, भवन तथा मेसिनरी साधनहरुको न्यूनतम भाडा दर अनुसूची (१७) मा उल्लेख भए बमोजिम हुनेछ ।

१६. **दण्ड जरिवाना:** (१) तोकिएको समय भित्र कर तथा शुल्क नबुझाउने तथा पोखरा महानगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय गर्ने वा फोहरमैला तथा निर्माण सामाग्रीबाट उत्सर्जित फोहोर एवं प्रचलित कानुन विपरीतका कार्य गरेमा त्यस्तो सामान जफत गर्ने वा लिलामी गर्ने वा अनुसूची (१८) बमोजिम जरिवाना गरिनेछ ।

(२) दण्ड जरिवाना सम्बन्धी व्यवस्थामा पोखरा महानगरपालिका, नगर कार्यपालिकाले आवश्यकता अनुसार थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

१७. **कर तथा शुल्कमा छुट:** (१) पोखरा महानगरपालिकाले अनुसूची (१९) मा व्यवस्था भए बमोजिम कर तथा शुल्कमा सहुलियत वा छुट दिन सक्नेछ ।

(२) कर तथा शुल्कमा छुट तथा सहुलियत सम्बन्धी व्यवस्थामा पोखरा महानगरपालिका, नगर कार्यपालिकाले आवश्यकता अनुसार थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी थप व्यवस्था:** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यको हकमा यस ऐनसँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धमा पोखरा महानगरपालिका, नगर कार्यपालिकाले आवश्यक निर्णय गरी लागु गर्न सक्नेछ ।

१९. **पुनरावलोकन सम्बन्धी व्यवस्था:** (१) पोखरा महानगरपालिकाले गरेको कर शूल्क महशुल दण्ड जरिवाना सम्बन्धी विषयमा चित्त नबुझेका करदाताले नगरपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछन । यसरी पुनरावलोकनका लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी पुनरावलोकन समिति गठन गर्नेछ ।

(२) पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर ३५ दिनभित्र पुनरावलोकन समितिले छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

२०. **कर फिर्ता सम्बन्धी व्यवस्था:** करदाताले यस ऐन बमोजिम कर बुझाउदा तिनुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्ने छ । सोको व्यहोरा साचो देखिएमा प्रमुख प्रशासकिय अधिकृतले निवेदन परेको एक महिना भित्र रकम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

२१. **अन्य व्यवस्था:** (१) पोखरा महानगरपालिकाका महाशाखा, शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ । तर, नागरिकता प्रमाणपत्रको सिफारिश तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न भने यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।

(२) वडा कार्यालयहरुबाट कर असूली कार्य वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यको समन्वयमा यस ऐन बमोजिम संकलन गरिनेछ ।

(३) अन्य स्थानीय तहमा कानुन बमोजिम दर्ता/नविकरण भएका कम्पनी, फर्म, संघसंस्थाहरुले सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन पोखरा महानगरपालिकामा पुनः व्यवसाय दर्ता गर्नुपर्ने छैन ।

(४) महानगरपालिकाले कर तथा शुल्कहरु संकलनको लागि अग्रिम सूचना दिन, करको अभिलेख राख्न तथा कर संकलनको लागि विद्युतीय माध्यमलाई प्रयोगमा ल्याउन सकिनेछ ।

२२. **नियमावली तथा कार्यविधि बनाउन सक्ने:** पोखरा महानगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी नियमावली तथा कार्यविधिहरु बनाई लागु गर्न सक्नेछ ।

२३. **यसै ऐन बमोजिम भएको मानिने:** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२४. **साबिक बमोजिम हुने:** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

२५. **बाधा अड्काउ फुकाउ:** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा पोखरा महानगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

२६. **खारेजी :** साविकमा पोखरा महानगरपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन् ।

अनुसूची–१
ऐनको दफा २ सँग सम्बन्धित
सम्पत्ती करको दर

क्र.सं.	विवरण	करको दर (%मा)
१	रु. १० लाख सम्म	रु.५००
२	त्यसपछिको रु.१० लाख सम्म थप	०.०१%
३	त्यसपछिको रु.२० लाख सम्म थप	०.०१३%
४	त्यसपछिको रु.२० लाख सम्म थप	०.०२३%
५	त्यसपछिको रु.४० लाख सम्म थप	०.०४३%
६	त्यसपछिको रु.५० लाख सम्म थप	०.०७५%
७	त्यसपछिको रु.५० लाख सम्म थप	०.०८%
८	त्यसपछिको रु १ करोडसम्म थप	०.१६५%
९	त्यसपछिको रु२ करोड सम्म थप	०.१८७%
१०	त्यसपछिको रु ५ करोड सम्म थप	०.१९८%
११	त्यसपछि माथिको जतिसुकैमा थप	०.२०%

थप व्यवस्था:

१. सम्पत्तिकर र भूमिकर (मालपोत) लागु हुनु भन्दा अगाडी लगाईएका घरजग्गा कर, एकीकृत सम्पत्ति कर लगायत अन्य खारेज भएका कर तथा शुल्कको बक्यौताको हकमा साविककै नियमानुसार कर लाग्नेछ ।

२. सम्पत्ति करको लागि भवनको क्षेत्रफल कायम गर्दा स्वीकृत नक्शा र निर्माण भएको भवनको क्षेत्रफलमा फरक भएमा निर्माण भएको भवनको क्षेत्रफललाई आधार मानिनेछ । कर तिरेको प्रमाण अन्य कुनै प्रयोजनमा दावि लाग्ने छैन ।

३. संयुक्त तथा सामूहिक आवासको सम्पत्ति कर निर्धारण: बहुतले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) वा संयुक्त आवास (हाउजिङ्ग) वा कुनै घरको विभिन्न तलाहरु वा एकै तलामा पृथक, पृथक स्वामित्व रहेकोमा त्यस्तो पृथक, पृथक स्वामित्व भएका भागहरु वा तलाहरुको सम्पत्ति कर सम्बन्धित स्वामित्ववाला व्यक्तिहरुको नाममा देहाय बमोजिम निर्धारण गरी असुल उपर गरिनेछ:

(क) बहुतले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को हकमा जे-जति क्षेत्रफलको घर, अपार्टमेन्ट वा फ्ल्याट राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखत पारित गरी हक हस्तान्तरण भएको छ सोही बराबर घर (अपार्टमेन्ट वा फ्ल्याट) को क्षेत्रफल कायम गरिनेछ ।

(ख) सामूहिक आवासको जग्गाको क्षेत्रफल कायम गर्दा राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखतमा उल्लेख भएको भए सोही जग्गाको क्षेत्रफल र उल्लेख नभएको भए घरको स्वामित्व बराबरको क्षेत्रफल मानि सो को दुई गुणा बराबरको जग्गाको क्षेत्रफल कायम गरिनेछ ।

(ग) व्यावसायीक प्रयोजनको लागि निर्माण गरी बिक्री भएको (मल/सपीङ्ग कम्प्लेक्स/सपीङ्ग सेन्टर आदि) मा खरिद बिक्री हुने पसल, कोठा तलाको हकमा समेत बुंदा (क) बमोजिम कर निर्धारण गरिनेछ ।

(घ) कुनै व्यक्ति वा संस्थाको नाममा जग्गाको स्वामित्व भई अर्को व्यक्तिले जग्गा लिजमा लिई भौतिक संरचनाको निर्माण, विकास र सम्बर्द्धन गरी भोग गरेको सम्पत्तिको कर तिर्नुपर्ने दायित्व सम्बन्धमा निजहरुबीच भएको सम्झौतामा स्पष्ट उल्लेख गरिएको हकमा सोही बमोजिम हुनेछ । यदि सम्झौतामा स्पष्ट प्रावधान उल्लेख नगरिएको भएमा सम्पत्तिको भोग गर्ने वा लिजमा लिने व्यक्ति वा संस्थाले कर दाखिला गर्नुपर्नेछ ।

(ङ) बुंदा (घ) बमोजिमको लिज सम्झौता भंग भएमा वा कार्यान्वयन नभई सम्झौताको यथार्थ परिपालना नगरिएको अवस्थामा सम्पत्ति कर तिर्ने दायित्व सम्बन्धित जग्गा धनीको हुनेछ ।

(च) प्रचलित नेपाल कानून र यस परिच्छेद बमोजिम सम्पत्ति कर छुट हुने व्यक्ति वा निकायको जग्गामा व्यावसायीक प्रयोजनका लागि भवन निर्माण गरी उपयोग गरेको भए उक्त भवन र सोले चर्चेको जग्गामा सम्पत्ति भोग गर्ने व्यक्ति वा संस्थाबाटसम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।

(छ) सम्पत्ती कर छुट हुने व्यक्ति वा निकायको जग्गामा एउटा प्रयोजनको लागि बनाएको भवन सो प्रयोजन परिवर्तन गरी व्यावसायीक प्रयोजनमा प्रयोग गरेको पाईएमा कर अधिकृतले कर निर्धारण गरी कर असुल गर्नेछ ।

(ज) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार, कुटनैतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी संचालन हुने संघसंस्थाको वस्तु तथा कारोवारमा यस ऐन बमोजिम कर लिइने छैन । तर लाभको उद्देश्य नराखी संचालन हुने संघसंस्थाहरुलाई भूमिकर (मालपोत), नक्सापास दस्तुर,सरसफाई शुल्क जस्ता कर र दस्तुरहरु भने छुट हुने छैन ।

अनुसूची–२
ऐनको दफा २ सँग सम्बन्धित
घरको मूल्याङ्कन दर

क्र.स.	घरको प्रकार/बनोट	घरको मूल्याङ्कन दर प्रति वर्गफीट (रु.)
१	स्टील फ्रेम भएको स्ट्रक्चरमा	रु. २५००
२	आर. सि. सि स्ट्रक्चरमा एक्सिलेटर, लिफ्ट भएकोमा	रु २२००
३	प्रि फ्याब भवन, गोदाम भवन	रु १८००
४	व्यावसायीक प्रयोजनका आर.सि.सि.पक्की घर	रु १५००
५	आर.सि.सि.पक्की आवासिय प्रयोजन	रु १०००
६	आर.सि.सि. वाहेकका अन्य पक्की घर	रु ७००
७	सिमेन्ट जोडाई र जस्ताको छाना घर	रु ६३५

८	ढुंगामाटो जोडाई भएको घर	रु.५२५
९	जस्ता वा अन्य किसिममा वेरा भएका घर	रु ४००

अनुसूची–३
ऐनको दफा २ सँग सम्बन्धित
घरको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि

घरको ह्रास कट्टीसमान ह्रास कट्टी पद्धति (Straight Line Method) अनुसार ५ प्रतिशत बचाव मूल्य कायम गरी ९५ प्रतिशत सम्म हुनेछ । यसको गणना देहाय बमोजिम गरिनेछ :

क्र.स.	भवनको प्रकार/बनोट	वार्षिक ह्रास कट्टी
१	स्टील फ्रेम स्ट्रक्चरमा	०.७५%
२	आर. सि. सि स्ट्रक्चरमा एक्सिलेटर, लिफ्ट भएकोमा	०.७५%
३	प्रि फ्याब भवन, गोदाम भवन	२%
४	व्यावसायीक प्रयोजनका आर.सि.सि.पक्की घर	१%
५	आर.सि.सि.पक्की आवासिय प्रयोजन	१%
६	आर.सि.सि. वाहेकका अन्य पक्की घर	२%
७	सिमेन्ट जोडाई र जस्ताको छाना घर	२%
८	ढुंगामाटो जोडाई भएको घर	३%
९	जस्ता वा अन्य किसिममा वेरा भएका घर	५%

अनुसूची–४
ऐनको दफा २ सँग सम्बन्धित
जग्गाको मूल्याङ्कन

पोखरा महानगरपालिका क्षेत्रभित्रका प्रमुख सडक एवं सडकको दायाँबायाँका जग्गाहरुको सम्पत्ति कर तथा भूमिकर (मालपोत) मूल्याङ्कन प्रयोजनको लागि कायम गरिएको प्रति रोपनी जग्गाको मूल्य आर्थिक ऐन २०७६ बमोजम नै कायम गरिएको छ :

हालको वडा नं.	जग्गाको विवरण	आ.व. २०७७/०७८ को न्यूनतम रकम (प्रति रोपनी)
१	के.आइ.सिङ पुल, क्याम्पस गेट हुँदै हालको प्रदेश सभा भवन वडा नं. १ र ३ को सिमाना	८,६४८,५८०.००
	ट्याक्सीचोक वन कार्यालय हुँदै बगर सम्म पुग्ने मुख्य सडकको दाया बाया	८,३९४,२१०.००
	पो.म.न.पा वडा नं .१ मा पर्ने अन्य पक्की बाटोका दाया बायाका जग्गाहरु	७,१२२,३६०.००
	मुख्य पिच बटोको दाया बाया पो.व.रा.हरिचोक टँडिखेल ट्याक्सी चोक	९,१५७,३२०.००
	पो.म.न.पा. वडा नं .१ मा पर्ने अन्य कच्ची बाटोको दाया बायाका जग्गाहरु	४,३२४,२९०.००
	पो.म.न.पा. वडा नं .१ मा पर्ने सबै भित्री जग्गाहरु	३,३०६,८१०.००
२	नालामुख देखी मोहरीया टोलसम्म मुख्य बाटोको दाया बायाको जग्गा	८,६४८,५८०.००
	भैरवटोल देखि अर्चलबोट हुँदै विन्दवासीनी बरपाटन भएर सराङ्गकोट जाने बाटो	६,८६७,९९०.००
	भिमसेन टोल भैरवटोल भित्रको सडकका दायाँ बायाँका जग्गाहरु	६,३५९,२५०.००
	नालामुख मार्ग देखि बाग्लुङ्ग बसपार्क जोड्ने पक्की सडक	६,१०४,८८०.००
	बिन्ध्याबासिनि मार्ग हुँदै अगाडी पछाडी लगाएत कोपिला खाद्य उद्योगका दाया बायाका जग्गाहरु	५,८५०,५१०.००
	वडा कार्यालय मुनिको धारापानी मार्गको पक्की बाटोको दायाँ बायाँ	५,८५०,५१०.००
	अन्य पक्की बाटोको दाया बाया	५,८५०,५१०.००
	भित्री जग्गाहरु	३,०५२,४४०.००
	मुख्य पिच बाटो र पोखरा बाग्लुङ्ग राजमार्ग समेतको दाया बाया जग्गाहरु	९,१५७,३२०.००
	भमसेन टोल, भैरवटोल भित्र हितमार्ग हुदै पोखरा बेसी कृषि सडक सम्म	६,६१३,६२०.००
	भिमसेन मन्दिर बाट भिम पथ हुँदै पो.वा. बसपार्क जोड्ने पिच बाटोको जग्गा	६,१०४,८८०.००
	हितमार्ग हुदै पोखरा बेसी कृषि सडक सम्म दाया बाया पक्की बाटो	६,१०४,८८०.००
	कच्ची बटोको दाया बायाको जग्गाहरु	४,५७८,६६०.००

३	वडा नं. ३ मा पर्ने नदिपुर, तेर्सापट्टि,पालिखेचोक देखि पश्चिम ग्रेहापाटन समेत मुख्य पक्की सडक दा.बा. का जग्गा	१२,९७२,८७०.००
	पो.म.न.पा. वडा नं. ३ मा पर्ने कच्ची बाटोको दाया बाया	६,८६७,९९०.००
	पो.म.न.पा. वडा नं. ३ मा पर्ने भित्रि जग्गाहरु	४,५७८,६६०.००
	पो.म.न.पा. वडा नं. ३ मा पर्ने अन्य पक्की बाटोको दाया बाया	९,१५७,३२०.००
४	पो.म.न.पा. वडा न.४ मा पर्ने पो.बा.रा.दाया बायाका जग्गाहरु	३३,०६८,१००.००
	सिदार्थ चोक देखी नाला मुख सम्म दाया बायाको जग्गाहरु	१४,२४४,७२०.००
	पालिखेचोक देखी पश्चिम वडा कार्यालया सम्म पक्की सडकको दाया बाया	१३,२२७,२४०.००
	अन्य पिच बाटोको दाया बाया	९,६६६,०६०.००
	भित्रि जग्गाहरु	४,५७८,६६०.००
	पालिखे चोक देखी महेन्द्रपुल हुँदै सिद्धार्थचोक सम्मका दायाबाया जग्गाहरु	३,४०,८५,५८०.००
५	वडा ५ पर्ने फिर्केपुल पश्चिम ० कि.मि.हुदै शान्तीनगर चोक सम्म	२१,३६७,०८०.००
	वडा कार्यालय देखी शान्तीचोक सम्म दायाबाया	७,६३१,१००.००
	धारापानि मार्गको दाया बाया	७,३७६,७३०.००
	एकलधारा धर्मस्थली मार्गको दाया बाया जगाहरु	७,१२२,३६०.००
	कच्ची सडकको दाया बाया	४,५७८,६६०.००
	भित्रि जग्गाहरु	३,८१५,५५०.००
	पोखरा बाग्लुङ्ग राजमार्गको दाया बाया	२५,४३७,०००.००
	ज्ञान मार्ग जिरो कि.मि.बाट पुर्वतर्फ को मुख्य सडक	१५,२६२,२००.००
	मनकामना मार्गको दायाबाया	७,१२२,३६०.००
	गोलचौतारा हुदै शान्तीनिकेतन स्कुल निर्सकिने पक्कि बाटाको दाया बाया	७,१२२,३६०.००
	विचारी चोक देखी रिठेगौडा सम्म पक्की सडकको दायावाया	७,१२२,३६०.००
	वगैचादेखी राधाकृष्ण मन्दिरसम्मको पक्की वाटोको दायावाया	७,१२२,३६०.००
	अन्य पक्की वाटोको दायावाय	६,८६७,९९०.००
६	हलन चोक हुदै खहरे गैराको चौतारा सम्म	३८,१५५,५००.००
	हल्लनचोक हुदै जरेवर बुलौरी खोला वडा छ को सिमाना सम्म	४०,६९९,२००.००

	अन्य पक्की बाटोको दाया बाया	१२,२०९,७६०.००
	कच्चीबाटोको दाया बाया	७,३७६,७३०.००
	भित्री जग्गाहरु	४,५७८,६६०.००
	जिल्ला अदालत देखी हल्लनचोक सम्म मुख्य सडक दाया बाया	४०,६९९,२००.००
	फिर्केखोलाको पुल वडा कार्यालय तालबराही स्कुल हुदै फेवा मार्ग छुने मुख्य सडक दाया बाया	३६,६२९,२८०.००
७	मुख्य पिच सडक मुस्ताङ चोक देखी राष्ट्रबैंक चोक सम्म	२२,८९३,३००.००
	आर.टि.ओ सडकको दाया बाया साविक वडा न. ९	१४,७५३,४६०.००
	अन्य पक्कि बाटोको दाया बाया	८,६४८,५८०.००
	अन्य कच्ची बाटोको दाया वाया पर्ने जग्गाहरु	५,५९६,१४०.००
	भित्रि जग्गाहरु	४,०६९,९२०.००
	वडा ७ को सिमाना रत्नचोकदेखि एयरपोर्ट सम्मको मुख्य पिचबाटोको दाया वाया पर्ने जग्गाहरु पश्चिम फेवा मार्ग	१६,७८८,४२०.००
८	मुख्य पिच बाटो वि.पि.माग समेत को दाया ,वायाको जग्गा	३७,३९२,३९०.००
	श्रृजनाचोक देखी रत्नचोक हुदै एरपोर्टसम्म मुख्या पक्की सडक दायाबाया	१८,३१४,६४०.००
	अन्य पक्की बाटोको दाया बायाका जग्गाहरु	११,१९२,२८०.००
	कच्ची बाटोको दायाबाया	७,१२२,३६०.००
	भित्री जग्गा	४,३२४,२९०.००
	पृथ्वीचोक देखी मुस्ताङचोका सम्म राजमार्गको दायाबाया	२१,६२१,४५०.००
	सृजनाचोकदेखी गणेशमानसिहंमार्ग हुदै सिदार्थचोक वडा ४ को सिमाना सम्म मुख्य सडक	१८,३१४,६४०.००
ढ	मुख्य पिच वाटोको दाया वायाका जग्गाहरु	३७,३९२,३९०.००
	पृथ्वीचोकदेखी मुस्ताङचोक सम्म सिद्धार्थ राजमार्गको दाया वायाका जग्गाहरु	२१,३६७,०८०.००
	अन्य पक्कि बाटोमा पर्ने दाया वायाका जग्गाहरु	११,१९२,२८०.००
	कच्चि बाटोका दाया वायाका जग्गाहरु	७,१२२,३६०.००
	भित्रि जग्गाहरु	४,३२४,२९०.००
१०	पृथ्वीचोक देखी पूर्वतर्फ पो.म.न.पा १० को सिमानामा पुथ्वी राजमार्गसंग	२२,३८४,५६०.००

	जोडिएको मूख्य पिच बाटाको दाया	
	सेति नदिको पुलदेखि पुर्व पृथ्वीराजमार्गको बुद्धचोक, अमरसिहचोक हुदै वडा १० को सिमाना बुद्धचोकवाट गौरी	१६,२७९,६८०.००
	पोखरा वडा नं. १० अन्तरर्गत पर्ने अन्य पक्किक बाटोका दाया वायाका जग्गाहरु	७,६३१,१००.००
	भित्रि जग्गाहरु	४,३२४,२९०.००
	कृष्ण मन्दिरदेखि रामवजार लाईन हुदै कालिका मार्ग र रामबजार मार्ग विरेन्द्र शालिक सम्म मुख्य विचबाटोको	१९,३३२,१२०.००
	कच्चि बाटोको दाया वायाका जग्गाहरु	६,१०४,८८०.००
११	मुख्य पिच बाटोको दाया वायाका जग्गा	१२,७१८,५००.००
	कच्ची बाटोको दाया वायाका जग्गा	४,३२४,२९०.००
	भित्रि जग्गाहरु	२,७९८,०९०.००
	रानीपौवा शिवशक्ति मा.वि. हुँदै मनिपाल गेट सम्म	१२,२०९,७६०.००
	साविक काहुँ गा.वि.स धरहरा सम्मको पक्की बाटो	१,२००,०००.००
	साविक काहुँ गा.वि.स. कच्ची सडक	९५०,०००.००
	साविक काहुँ गा.वि.स. पाखो जग्गा वडा नं. ७,८ बाहेक	५००,०००.००
	साविक काहुँ गा.वि.स.वडा नं. ७, ८ को खेत पाखो सवै किसिमका जग्गा	३५०,०००.००
	अन्य पक्किक बाटोको दायावायाका जग्गाहरु	८,१३९,८४०.००
१२	अन्य पक्किक बाटोको दाया वायाका जग्गा	७,६३१,१००.००
	कच्चि बाटोको दाया वायाका जग्गा	४,५७८,६६०.००
	भित्री जग्गाहरु	३,०५२,४४०.००
	पो.म.न.पा. वडा कार्यालय ज्ञद्द देखि परिवार नियोजन स)घ हुदै पृथ्वीराजमाग सम्म पिच बाटो	१२,२०९,७६०.००
	कुडहरचोक हुँदै मियापाटन चोकको वडा सिमाना सम्म पिच बाटो	१०,६८३,५४०.००
	हस्पिटल चोक देखि पुर्व माछा पोखरी सम्मको पिच बाटोको दाया बाया	१०,१७४,८००.००
	मुख्य रानीपौवा चोक देखि नर्सिङ्ग क्याम्पस गण्डकी हस्पिटल हुँदै अमरसिङ्गचोक दाया वायाका जग्गा	१३,२२७,२४०.००
	पुरनधारा चोक हुँदै गुम्बा फेदी सम्मको पिच बाटोको दाया बाया	१०,९३७,९१०.००
१३	भद्रकाली स्कूल हुँदै वडा कार्यालय वि.पि.मार्ग,मिया पाटन सम्मको मुख्य	८,६४८,५८०.००

	पिच बाटोको दायाँबायाँको जग्गा	
	पोखरा १३ का अन्य पक्की बाटोको दाया वायाका जग्गाहरु	७,१२२,३६०.००
	पोखरा १३ अन्य कच्ची बाटोको दाया वायाका जग्गाहरु	४,५७८,६६०.००
	पोखरा १३ अन्तर्गतका भित्रि जग्गाहरु	२,५४३,७००.००
	सार्विक आर्वा घट्टेखोलादेखी पुर्व साझा जिमिरेडिल ढावकसेरी हुँदै खहरे लाकुरीबोटसम्मको पिच बाटोको दा.व	२,६००,०००.००
	सार्विक आर्वा गाविसको सहायक बाटोको १,२,३,४,	१,६००,०००.००
	सार्विक आर्वा गाविसको ५,६,७,८ र ९ को कच्ची बाटो	१,०००,०००.००
	सार्विक आर्वा गाविसको सवै किसिमको खेत/ पाखाको जग्गाहरु	२५०,०००.००
	मुख्य पिच काहुँखोला भद्रकाली बाझा पाटन गौडाको मुख देखि गुम्बा फेदी सम्म पिच दाया वायाको जग्गाहरु	९,६६६,०६०.००
	सार्विक आर्वा काहुखोला देखि पाटनवेशीहुदै खट्टेखोला पश्चिमको मुख्य पिचबाटोको दाया बाया	२,८००,०००.००
	सार्विक आर्वा गाविस अन्य पिच बाटोको दाया बायाको जग्गा	२,४००,०००.००
	सार्विक विजयुर गाावि. स का सबै जग्गाहरु	२,४००,०००.००
१४	भोटेचौतारा रामेश्वरचोक शुक्रराज बलभद्र मा.वि.हुदै काजीपोखरी १०,१५को सिमाना सम्म	१३,०००,०००.००
	निर्माणाधिन एयरपोर्ट भन्दा उत्तर पर्ने पिच बाटोको दाया वायाका जग्गा	९,०००,०००.००
	अन्य पक्की सडकका दाया बाया सडकहरु	७,०००,०००.००
	एयरपोर्ट दक्षीण.तर्फको कच्ची बाटोको दाया बायाहरु	५,५००,०००.००
	एयरपोर्ट देखी उत्तर कच्ची बाटोको दाया बाया	६,३००,०००.००
	एअरपोर्ट देखी उत्तर को भित्री जग्गा	३,८००,०००.००
	निर्माणाधिन एयरपोर्ट देखी दक्षिण को भित्री जग्गाहरु	२,८००,०००.००
	वडा १० को सिमाना औधोगिक क्षेत्र गेट देखि पूर्व तर्फ चाउथे चोक हुदै पर्ने विजयपुर खोलासम्म पर्ने पृथ्वी	२०,०००,०००.००
	निर्माणाधिन एयरपोर्ट भन्दा दक्षिण पर्ने पक्की बाटोको दाया वायाका जग्गा	७,०००,०००.००
	छिनेडाँडा १, २, ४, ५, सेती नदि विजयपुर खोला छेउ	१,२००,०००.००
१५	पो म न पा वडा नं. १५ अनतर्गत पृथ्वी राजमार्गमा पर्ने दायाँ वायाँ का जग्गा	१९,३३२,१२०.००
	फलेपाटन चोक हुदै टुटुङ्गा चोक र गलेश्वर चोक सम्मको मुख्य पिच	१३,२२७,२४०.००

	बाटोको दाया	
	अन्य पिच सडकको दायाँ वायाँ को जग्गा	८,१३९,८४०.००
	मितेरी गाँउ खरबारी क्षेत्रको मुख्य सडक	९,१५७,३२०.००
	माथी उल्लेखीत को कच्ची सडकको दाया बाया	६,६१३,६२०.००
	वडा नं १५ का सबै भित्री जग्गाहरु	४,८३३,०३०.००
	वडा नं. १५ वडा का सिमाना देखी वडा कार्यालय फलेपाटन चोक सम्म मुख्य पक्की सडक	१७,२९७,१६०.००
१६	पो.म.न.पा. वडा नं. १६ मा पर्ने अन्य पिच वाटोको दायाँ वाँयाँ को जग्गा हरु	४,३७५,१६४.००
	माथी उल्लेखीत बाहेक पोखरा १६ अन्तर्गत पर्ने अन्य मुख्य सडक र मभुवा एरिया समेत	५,९९६,१४०.००
	साविक बाटुलेचौर, गर्लाङ्ग, अर्मलाको कच्चि जग्गाको दाया बाया	८५०,०००.००
	गर्लाङ कच्ची सडकको दाया बाया	७५०,०००.००
	१६ मा पर्ने कच्ची बाटोका दाया बाया	३,०५२,४४०.००
	अर्मला कच्ची सडकको दायाँ वायाँ को जग्गाहरु	६००,०००.००
	साविक बाटुलचौर खेत तर्फ	४००,०००.००
	पो.म.न.पा. वडा नं १६ को के आइ सि पुल देखि गण्डकी आवसियको गेट र विन्ध्यवासिनि आवसिय गेट सम्म को पिच	८,९०२,९५०.००
	पो.म.न.पा. वडा नं. १६ मा पर्ने भित्री जग्गा हरु	२,०३४,९६०.००
	साविक बाटुलेचौर, अर्मला, गर्लाङ्ग को पिच बाटोको दाया बायाको जग्गा	१,०००,०००.००
	वडा नं १६ मुख्य पीच बाटोको दायावाया	८,३९४,२१०.००
	साविक गर्लाङ र अर्मला चाहार पाखो	४५,००७.००
१७	राष्ट वैक चोकदेखि मुस्ताङ्गचोक हुदैविरौटा चोकहुदै राम मन्दिर चोक र ऐ राष्ट वैक चोक देखि डयामसायड	२०,३४९,६००.००
	बिरौटा चोक देखि पूर्वतर्फ आर.टि.ओ रोड हुदै आखा अस्पताल चोक सम्म पर्ने मुख्य पिच बाटोको दाया वाय	१७,०४२,७९० ००
	सितल चौतारा हुँदै कालिमाटि सम्म वडा नं. १७ को सिमाना सम्म	११,७०१,०२०.००
	घारिपाटन चोक चचहुई हुँदै अन्तराष्टिय संग्राहालयसम्मको पिच बाटोको दाया वाया	१०,१७४,८००.००
	सिता पाइला, लामतरो दोविल्ला क्षेत्र पक्की बाटो	६,१०४,८८०.००

	लामतरो दोविल्ला क्षेत्र कच्ची वाटो	५,५९६,१४०.००
	साविक लुकुनस्वारा १ को हाल वडा १७ मा पर्ने कच्चि बाटोको दाया बायाको जग्गा	४,५७८,६६०.००
	साविक छिनेडाँडा ६ हाल वडा १७ काउछेघारी ,महतगौडा ,रातो पैरामा पर्ने पक्की बाटाको दाया वाया	३,५६१,१८०.००
	साविक लुकुमस्वारा को हाल पो.म.न.पा १७ मा पर्ने भित्रि जग्गा	३,०५२,४४०.००
	वडा १७ मा पर्ने अन्य पक्कि बाटोको दाया वायाको जग्गा	९,१५७,३२०.००
	दोभिल्ला सितापाइला काउसेघारी हाटोलाइन तितेपानी मुसेटुडो अर्न्तगत भित्रि जग्गा	१००,०००.००
	राममन्दिर चोकवाट डेभिड फल्स पातले छागो सम्म मुख्य पक्की तथा सिद्धार्थ राजमार्ग दायाबाया	१८,०६०,२७०.००
	डेभिड फल देखि पश्चिम तर्फ सिद्धार्थ राजमार्ग साविक लुकुमस्वारा १ हाल वडा १७ को सिमाना सम्म पर्ने मुख्य पिच	१३,२२७,२४०.००
	अन्तराष्टिय संग्राहलय देखि तल महतगौडा रातोपैरो सितापाइल हुदै दोविल्ला पुल पिचवाटोको दाया वाया	६,१०४,८८०.००
	साविक लुकुम्स्वारा १ को हाल वडा १७ मा पर्ने अन्य पक्कि बाटोको दाया वाया पर्ने जग्गा	५,८५०,५१०.००
	पो.म.न.पा. १७ मा पर्ने भित्रि जग्गा	४,५७८,६६०.००
	काउछेघारी , वेलघारी सिमलचौतारा मुसेटुडाको पक्की बाटाको दाया वाया	६,१०४,८८०.००
	पो.म.न.पा. मा १७ मा पर्ने कच्ची बाटो	५,५९६,१४०.००
	दैविल्ला सितापाइला काउछेघारी हाइटेन्शनलाइन तितेपानी मुसेटुडो कच्ची बाटो	३,०५२,४४०.००
	दैविल्ला सितापाइला काउछेघारी हाइटेन्शनलाइन तितेपानी मुसेटुडो भित्री जग्गा	२,५४३,७००.००
१८	खहरे बाट पामे जाने बाटोको दाया बाया पर्ने सेदिफाट भकुण्डे क्षेत्रको	३,०००,०००.००
	साराङकोट जाने मुल सडकको गा.वि.स भवन हुदै सराङकोट टावर सम्म जाने बाटोका दाया बाया जग्गा	२,७००,०००.००
	सराङकोट देखि नाउडाडा जाने पक्की वाटो दाया बाया	२,५००,०००.००
	सराङकोट कच्ची वाटोका दायाँवायाका जग्गाहरु	१,२००,०००.००
	ग्यारजाती वडा नं. ७ खहरे खोला पुर्वको जग्गा	१,०००,०००.००
	साविक सराङकोट गा.वि.स.को अन्य भित्री जग्गा पाखो तथा खेतहरु	३००,०००.००

१९	लामाचौर गा.वि.स. वडा नं ६ र ७ को मुख्य पिच वाटो	६,०००,०००.००
	साविक लामाचौर अन्य पक्की बाटो	३,०००,०००.००
	साविक लामाचौर कच्ची दाया वाया को जग्गा	२,०००,०००.००
	साविक लामाचौर, पुरनचौर र घार्मिका सवै प्रकारको पाखो तथा खेत	३२०,०००.००
	माछापुच्छे ग्रामिण सडक वडा नं २ साविक पुरनचौर वडा नं २ ५ र ६ चितेपानी हुदै तल्लाकोट चोक सम्म	१,५००,०००.००
२०	रानीपौवा फुलवारी भलाम ग्रामिण पक्कीसडक हाल पो.म.न.पा वडा २० को जग्गाहरु	१,२००,०००.००
	अन्य सहायक कच्ची मोटरेवल बाटो हाल पो.म.न.पा वडा न २० को जग्गाहरु	८००,०००.००
	साविक भलाम, मौजा गाविस का सवै प्रकारको खेत र पाखो	३५०,०००.००
	साविक मौजा काहुखोल,महेन्द्र गुफा भलाम रयाले चौर समेतका सडकको दायाबाया	३५०,०००.००
२१	निर्मल पोखरी १,६ र ९ को दोबिल्ला बागमारा लामगादी मुल बाटोको दाया वाया	१,४००,०००.००
	कृस्ती हुदै भरतपोखरी जाने ग्रामीण सहायक सडकको दाया वाया	६००,०००.००
	साविक निर्मलपोखरी ६ हाल भरत पोखरीमा पर्ने समथर भागको	५००,०००.००
	कच्ची बाटो को दाया बाया	५००,०००.००
	साविक निर्मल पोखरी, कृस्तीका सवै प्रकारका जग्गाहरु	२००,०००.००
	कृस्ती निर्मलपोखरी हुदै भरतपोखरी जाने कच्ची सडकको दाया बाया को जग्गाहरु	८००,०००.००
२२	छोरेपाटनचौतारा देखि पुरानो न.पा. सिमाना सम्म पनसिद्धार्थ राजमार्गको दाया वायाँ	३,८००,०००.००
	सिद्धार्थ राजमार्गवाट स्तुपा जाने वाटो	१,७००,०००.००
	अन्य पक्की वाटो को दायावाया	१,४००,०००.००
	सिदार्थ राजमार्गको दाया बाया बाट खोलिएका र कच्ची बाटोको जग्गा	१,२००,०००.००
	फेवा ताल बाट पारी सावीक पुम्दी गा.वि.स. वडा नं. २ अनदु क्षेत्र	१,४००,०००.००
	शाखावाटावाट खोलिएका वाटोको दायवाया	९५०,०००.००
	हिमाल र ताल देखिने भित्रि जग्गाहरु	५००,०००.००

	साविक पुम्दी भुम्दीका सवै प्रकारका खेत पाखो र जग्गाहरु	३००,०००.००
२३	साविक चापाकोट, भदौरेका सवै खेत पाखोहरु	१५०,०००.००
	पोखरा हल्लनचोक घाटिछिना वाटो को दायाँ बाया को जग्गा	१,१००,०००.००
	अन्य साहेक मेटरेवल वाटो को दायाँ बाया को जग्गा	८००,०००.००
२४	ठलाखेत कच्ची वाटोको को दाया बायाँ वडा नं. ४ काकी तहरा	१,४००,०००.००
	पोखरा ठुलाखेत कच्ची वाटोको दायाँ बायाँ वडा नं. ९ लौरुक क्षेत्र	१,१००,०००.००
	पामे वजार देखी चालिसेसम्मको वाटोको दायाँ बायाँ	८००,०००.००
	अन्य कच्ची वाटो कों दायाँ बायाँ को जग्गा	१,०००,०००.००
	साविक कास्कीकोट र ठुलाखेतका सवै किसिमका पाखो र खेतहरु	४००,०००.००
	पोखरा ठुलाखेत पक्की वाटोको दायँ बायाँ वडा नँ. ४ काकी तहरा	१,६००,०००.००
	पामे वजार बजार क्षेत्रको कच्ची वाटो दायाँ बायाँ वडा नं. ६	१,५००,०००.००
	विन्ध्यवासिनि वाट नाउडाडा जाने वाटो को पाखो तर्फ वडा नं १,२,५,६,७,८,	१,०००,०००.००
	वडा नं. १८ को सिमाना देखि कास्कीकोटको गुप्टे चौर हुँदै नागडाडा कृषी सडक वडा नं. १,४,३,८ का दायाँ	९००,०००.००
	साविक कास्कीकोट वडा ४ र ६ को समथर भुभागको भित्री जग्गा	८००,०००.००
	साविक कास्कीकोट का सवै किसिमका जग्गाहरु	३५०,०००.००
२५	सापकोटा चोक देखी मिलनचोक हुदै चाक्लेकुलासम्मको पो वा रा मुख्य पिच वाटो को दायाँ वाँ को जग्गा	६,०००,०००.००
	याम्दी पुलदेखी बुद्धचोक हुदै सापकोटा चोकसम्म पोखरा वागलुङ राजमार्गको दायावाय	५,५००,०००.००
	साझा चोक देखी लामाचौतारा हुँद भोटे क्याम सम्मको पिच वाटोको दायाँ वायाँ को जग्गाहरु	४,०००,०००.००
	मेलवोट देखि न. पा. को सिमाना सम्म माछापुच्छे सडकको दायाँ वाँया	१,०००,०००.००
	अन्य पिच वाटोको दायाँ बायाँ को जग्गा	३,०००,०००.००
	साविक हेम्जाका सवै प्रकारका पाखो र खेतहरु	७००,०००.००
	साविक हेम्जा खोलापारी भिर्भिरका र अन्य वाटोको दाया बाया	८००,०००.००
	साविक हेम्जा खोलापारी भिर्भिरकासवै किसिमका पाखो र खेतहरु	२५०,०००.००
	चाक्लेकुलो देखि म्यादी चोक हुँदै फदीखोला सममको पो वा रा को दायाँ बायाँ को जग्गा	५,०००,०००.००

	मिलनचोक देखि मेलवोटसम्म माझापुच्छे सडकको दायाँ वायाँ को जग्गा	२,६००,०००.००
	कच्ची सडकको दायाँ वायाँ मा पर्ने जग्गा	१,७५०,०००.००
२६	विजयपुर खोला देखी साविक कन्धनी डाँडा ५,६,९ पृथ्वीराजमार्ग दाया बाया	७,५००,०००.००
	अन्य पक्की सडक ररास्ती मिजुरे सडक दाया बाया	२,०००,०००.००
	साविक कन्धनी डाँडा समथर भागको कच्ची सडक दाया बाया	२,०००,०००.००
	साविक कन्धनी डाँडा पहाडी भाग को बाटो दाया बाया	९००,०००.००
	खेत र पाखो तर्फको समथर भाग भित्री जग्गा	९००,०००.००
	पहाडी भाग पाखो तर्फको भित्री जग्गा	३००,०००.००
	साविक अर्घौं ८ र ९ को पृथ्वी राजमार्गमा पर्ने	७,५००,०००.००
	साविक अर्घौं अन्य पक्की बाटोको दायाँ बाँया वडा नं. २६	३,५००,०००.००
	साविक अर्घौं बजार कच्ची सडकको दायाँ बायाँ वडा नं. २६	२,५००,०००.००
	साविक अर्घौं बजार ७, ८ र ९ समथर खेत तर्फको भित्री जग्गा वडा नं. २६	१,२००,०००.००
	पहाडी भाग खेत तर्फको भित्री जग्गा	४००,०००.००
२७	तालचोक बेगनासताल मार्ग साविक अर्घौं बजार ९	६,०००,०००.००
	साविक अर्घौं बजार पक्की बाटोको दायाँ बायाँ	३,५००,०००.००
	साविक अर्घौं बजार कच्ची सडकको दायाँ बायाँ	२,५००,०००.००
	साविक अर्घौं बजार १ पहाडी भाग कच्ची बाटो	२,०००,०००.००
	साविक अर्घौं बजार ४, ५ र ६ पक्की सडक दायाँ बायाँ	१,२००,०००.००
	साविक अर्घौं बजार १, २, ३, ७, ८ र ९ खेत पाखो भित्री जग्गा	१,२००,०००.००
	साविक अर्घौं बजार ४, ५ र ६ खेत र पाखो जग्गा	३००,०००.००
	वडा नं. २७ का डिल भिरका कच्ची बाटोसँग जोडिएका जग्गाहरु	८००,०००.००
	पृथ्वी राजमार्ग लेखनाथ चोक देखि तालचोक सम्मको सडकको दाँया बाँया साबिक अर्घौं २, ८ र ९	७,५००,०००.००
	साविक अर्घौं बजार १ पहाडी भाग पक्की बाटो	३,०००,०००.००
	साविक अर्घौं बजार २ लामोतरा क्षेत्र कच्ची सडक	१,४००,०००.००
	साविक अर्घौं बजार ४, ५ र ६ कच्ची सडक दायाँ बायाँ	९००,०००.००
	साविक अर्घौं बजार १ पहाडी भाग खेत पाखो भित्री जग्गा	७००,०००.००
	वडा नं. २७ का डिल भिरका जग्गाहरु	७००,०००.००

	वडा नं. २७ का डिल भिरका पक्की बाटो सँग जोडिएका जग्गाहरु	१,२००,०००.००
२८	राखी मिजुरे मोटर बाटो दायाँ बायाँ साविक माझठाना १ देखी ७	१००,०००.००
	शिशुवा स्याङखुदी सौर्य ग्रामिण सडक	६०,०००.००
	साविक माझठाना सबै प्रकारको पाखो र खेत दोयम	४०,०००.००
	साविक झाँझरमारे सुनपदेली भैसे याङजाकोट ग्रामिण सडक	३५०,०००.००
	साविक झाँझरमारे कच्ची बाटोको दायाँ बायाँ	४५०,०००.००
	साविक झाँझरमारे सबै किसिमको खेतरपाखो जग्गाहरु	२००,०००.००
	साविक शिशुवा ४ पक्की बाटो पोलेमनपा २८ दिपाङ्गताल तर्फ	३००,०००.००
	साविक शिशुवा ४ भित्री खेत समथर पोलेमनपा २८ दिपाङ्गताल तर्फ	९००,०००.००
	साविक माझठाना सबै किसिमको खेतरपाखो जग्गाहरु	५०,०००.००
	साविक झाँझरमारे राखी मिजुरे मोटर बाटो दायाँ बायाँ	५००,०००.००
	साविक झाँझरमारे अन्य बाटोको दायाँ बायाँ	४००,०००.००
	साविक झाँझरमारेका खेतरपाखो जग्गाहरु	२३०,०००.००
	साविक शिशुवा ४ कच्ची बाटो पोलेमनपा २८ दिपाङ्गताल तर्फ	१,२००,०००.००
	साविक शिशुवा ४ टारी खेत र पाखो पोलेमनपा २८ दिपाङ्गताल तर्फ	३००,०००.००
२९	तालचोक देखी पावर हाउससम्म पृथ्वीराजमार्ग दायाँ बायाँ साविक शिशुवा १ र २	७,५००,०००.००
	साविक शिशुवा १ र २ अन्य कच्ची सडक दायाँ बायाँ	२,५००,०००.००
	साविक शिशुवा १ पट्नेरी क्षेत्रका कच्ची सडक दायाँ बायाँ	१,८००,०००.००
	साविक शिशुवा १ र २ खेत र पाखो तर्फ	१,०००,०००.००
	साविक शिशुवा १ र २ अन्य पक्की सडक दायाँ बायाँ	३,०००,०००.००
	साविक शिशुवा १ पट्नेरी क्षेत्रका पक्की सडक दायाँ बायाँ	२,५००,०००.००
३०	साविक रुपाकोट ३ पृथ्वी राजमार्ग दायाँ बायाँ पावर हाउस देखी भत्केको चौकीसम्म	४,५००,०००.००
	साविक शिशुवा ३ तालचोक बेगनासताल मार्ग	६,०००,०००.००
	शिशुवा चोकबाट विश्वविद्यालय, तावाको मुख पावर हाउस सम्म	३,५००,०००.००
	अन्य पक्की बाटोको दायाँ बायाँ साविक शिशुवा	३,०००,०००.००
	कच्ची बाटोको दायाँ बायाँ साविक शिशुवा	२,५००,०००.००

	सावित्रिक शिशुवा खेत पाखो तर्फको भित्री जग्गा	१,०००,०००.००
	सावित्रिक शिशुवा ३ पहाडी भागमा पर्ने कच्ची सडकको जग्गाहरु	१,२००,०००.००
	सावित्रिक शिशुवा ३ पहाडी भाग खेत तर्फ	५००,०००.००
	सावित्रिक रुपाकोट ३ पक्की बाटोको दायाँ बायाँ	२,०००,०००.००
	सावित्रिक शिशुवा ३ पहाडी भागमा पर्ने पक्की सडकको जग्गाहरु	१,८००,०००.००
	सावित्रिक शिशुवा ३ पहाडी भाग पाखो तर्फ	३००,०००.००
	सावित्रिक रुपाकोट ३ कच्ची बाटोको दायाँ बायाँ	१,७००,०००.००
	सावित्रिक रुपाकोट ३ हाल वडा नं. ३० अर्न्तगतका भित्री खेत तर्फका जग्गाहरु	६००,०००.००
३१	वडा नं. ३१ अर्न्तगतको सावित्रिक शिशुवाका पक्की बाटोको दायाँ वायाँ	१,८००,०००.००
	बेगनासताल भोर्लेटार सडक दायाँ बायाँ सावित्रिक शिशुवा ६	१,४००,०००.००
	सावित्रिक शिशुवाका वडा नं. ३१ अर्न्तगत पर्ने पहाडी भाग पाखो तर्फ	३००,०००.००
	सावित्रिक बेगनास गाविसको वडा नं. ३१ को मोटरएवल बाटोको दायाँ बायाँ	५००,०००.००
	सावित्रिक बेगनास का सबै किसिमका खेत र पाखोहरुको जग्गा	२५०,०००.००
	सावित्रिक बेगनास खेत दोयम	
	सावित्रिक बेगनास खेत चाहार	
	सावित्रिक बेगनास पाखो अवल	
	सावित्रिक बेगनास पाखो सिम	
	सावित्रिक बेगनास पाखो चाहार	
	तालचोक बेगनासताल मार्ग सावित्रिक शिशुवा ५	६,०००,०००.००
	वडा नं. ३१ अर्न्तगतको सावित्रिक शिशुवाका कच्ची बाटोको दायाँ वायाँ	१,२००,०००.००
	सावित्रिक शिशुवाका वडा नं. ३१ अर्न्तगत पर्ने कच्ची सडक पहाडी भाग	१,२००,०००.००
	बेगनासताल बसपार्क देखी भोर्लेटार जाने मुल सडकको दायाँ बाँया	७००,०००.००
	सावित्रिक बेगनासका सबै खेत र पाखोहरुको जग्गा	१५०,०००.००
३२	पृथ्वीराजमार्ग भल्केको चौकी देखी कोत्रेसम्म सावित्रिक रुपाकोट १	४,५००,०००.००
	वडा नं. ३२ अर्न्तगत समथर भागका कच्ची सडकका दायाँ बायाँ सावित्रिक रुपाकोट	१,७००,०००.००
	सावित्रिक रुपाकोट समथर खेत तर्फका जग्गाहरु	६००,०००.००
	सावित्रिक रुपाकोटका गोरेटो बाटोको जग्गाहरु.	६००,०००.००

	वडा नं. ३२ अर्न्तगत पर्ने सेती नदी, आँपुखोला, तालखोला, खुदीखोलासँग जोडिएका डिल भिरका जग्गाहरु	७००,०००.००
	वडा नं. ३२ अर्न्तगत पर्ने सेती नदी, खोला, डिल भिरसँग जोडिएका पक्की बाटोको जग्गाहरु	१,२००,०००.००
	वडा नं. ३२ अर्न्तगत पर्ने सेती नदी, खोला, डिल भिरसँग जोडिएका कच्ची बाटोको जग्गाहरु	८००,०००.००
	वडा नं. ३२ अर्न्तगत समथर भागका पक्की सडकका दायाँ बायाँ साविक रुपाकोट	२,०००,०००.००
	साविक रुपाकोटका पाखो तर्फको भित्री जग्गाहरु	५००,०००.००
३३	साविक भोटेपोखरी वडा नं. ४,७,८,९ मुल पक्की बाटोको दायाँ वायाँ	१,६००,०००.००
	साविक भोटेपोखरी वडा नं. ४,७,८ / ९ को पक्की सडकको दायाँ बायाँ	१,३००,०००.००
	साविक भोटेपोखरी वडा नं. ४,७,८ र ९ को अन्य कच्ची सडकको दायाँ बायाँ	१,०००,०००.००
	साविक भरतपोखरी अन्य सहायक मोटरएवल बाटो	३००,०००.००
	भोटेपोखरी वडा नं. ८ र ९ खेत पाखो दुवै तर्फको जग्गा	७००,०००.००
	साविक भरत पोखरी सबै किसिमका पाखो र खेत तर्फका जग्गाहरु	७५,०००.००
	साविक निर्मलपोखरी ६ हाल वडा न. ३३ मा पर्ने दोवल्ला बागमारा लागादी मुल सडक	१,४००,०००.००
	साविक निर्मलपोखरी ६ हाल वडा न. ३३ मा पर्ने समथर भाग	५००,०००.००
	साविक निर्मलपोखरी का सबै किसिमका पाखो र खेत तर्फका जग्गाहरु	१५०,०००.००
	साविक भरतपोखरी जाने ग्रामिण सडकको दायाँ बायाँ	५००,०००.००
	साविक भोटेपोखरीका सबै किसिमका पाखो र खेत तर्फका जग्गाहरु	१००,०००.००
	साविक भोटेपोखरी ८ र ९ डिल भिरमा पर्ने जग्गा	३००,०००.००
	साविक निर्मल पोखरी ६ सहायक बाटोको दायाँ बायाँ	८००,०००.००
	साविक निर्मल पोखरी खेत तर्फ अब्बल	२००,०००.००

अनुसूची ६

ऐनको दफा ४ सँग सम्वन्धित

घर जग्गा बहाल करको दर

जग्गा तथा घर भाडामा लिने	करको दर
व्यापार तथा व्यावसायीक प्रयोजनका लागि लिएको घरको	बहाल रकमको ८ प्रतिशत
व्यापार तथा व्यावसायीक प्रयोजनका लागि लिएको जग्गा	बहाल रकमको ४ प्रतिशत
घरायसी प्रयोजनका लागि लिएको घरको	बहाल रकमको ४ प्रतिशत
व्यावसायीककृषी प्रयोजनका लागि लिएको जग्गाको	बहाल रकमको २ प्रतिशत

अनुसूची ७

ऐनको दफा ४ सँग सम्बन्धित

घर जग्गा बहाल करको लागि न्यूनतम करको दर

क्र.सं.	विवरण	व्यावसायिक प्रयोजन मासिक बहालकर प्रति वर्गफिट रु	आवासिय प्रयोजन मासिक बहालकर प्रति वर्गफिट रु
१	मुल सडक- सिदार्थचोक देखि महेन्द्रपुलचोक सम्म, पालिखेचोक देखि पृथ्वीचोकसम्म, विपीचोक देखि सभागृहचोक सम्म, हल्लनचोक देखि फिस्टेलगेट सम्म, हल्लनचोक देखि खहरेचोकसम्म		
	भुई तला	१०	४.८
	पहिलो तला	९	४
	दोस्रो तला देखि माथि	७	२.४
	जग्गा	६	
२	अन्य मुख्य सडक - नयां वजार मार्ग, सृजनाचोक देखि हल्लनचोक सम्म, सृजनाचोकवाट विरौटाचोकसम्म, पृथ्वीचोक देखि नाग ढुंगाको ओरालोसम्म, पृथ्वीचोक देखि अमरसिंहचोक सम्म, पृथ्वीचोक देखि)		
	भुई तला	८	४
	पहिलो तला	७	३.२
	दोस्रो तला देखि माथि	६	२.४
	जग्गा	३	
३	सहायक मुख्य सडक - महेन्द्रपुल देखि रानीपौवाचोकसम्म, अमरसिंहचोक देखि विरेन्द्रचोकसम्म, विरेन्द्रचोक देखि राम वजार हुदै घलेचोकसम्म, पि.एन क्याम्पस गेट देखि माछापुछ्रे बैंक चोक, ट्याक्सी चोक बगरबाट भिमसेनटोल नालामुख हुदै सिर्जनाचोक सम्म, पोखरा बाग्लुङ वसपार्क देखी फिर्के पुलसम्म, ३ नं वडा कार्यालय देखि पालिखे चोक हुदै नालामुख चोक,पालिखे चोक देखि जिप्रका हुदै वडा नं. ४ कार्यालय, जिरो कि.मी देखि फिर्केको पुलसम्म, हल्लनचोक देखि गैह्रा चौतारा,पन्थी गल्लीको मुल बाटो, सामसुङ चोक देखि अख्तियार कार्यालय सम्म,बिजयपुर पुल देखि अमरसिह चोक सम्म, बिरौटा चोक देखि फेवा नहर, डेभिडफल्स र गुप्तेश्वर गुफाको वरपरका मुख्य सडक वरपर, डाडाको नाक प्रहरी चौकी देखि तालचोक सम्म, सिसुवा चोक देखि बेगनास ताल सम्म		
	भुई तला	५.६	३.२
	पहिलो तला	४.८	२.४

	दोस्रो तला देखि माथि	४	२
	जग्गा	२	
४	सहायक सडक - रानीपौवा चोक देखि काहुखोला, पिएन क्याम्पस देखि के आई सी पुल सम्म, वडा नं.६ देखि वडा नं १० का अन्य पिच बाटोहरु, बिपी मार्ग,तालचोक कोत्रे सम्म राजमार्ग दाँयाबाँया, गण्डकी हस्पीटल देखि अमरसिह चोक सम्म, वडा नं १७ प्रहरी चौकी देखि वडा नं. २२ को सिमाना,हरीचोक देखि कसेरी जाने चोक, मिलन चोक मुल बजार वरपर, १ नं वडा कार्यालय देखि वगर ट्याक्सीचोकसम्म।		
	भुई तला	४.८	३.२
	पहिलो तला	४	२.४
	दोस्रो तला देखि माथि	३.२	२
	जग्गा	२	
५	वडा नं.१ देखि १७ सम्मका सवै प्रकारका भित्री बाटाहरु		
	भुई तला	४	२.८
	पहिलो तला	३.२	२
	दोस्रो तला देखि माथि	३	१
	जग्गा	१	
६	वडा नं.१८ देखि ३३ सम्मका अन्य सवै प्रकारका बाटामा पर्ने		
	भुई तला	३.८	२.५
	पहिलो तला	३	२
	दोस्रो तला देखि माथि	२	१
	जग्गा	१	

क. सम्झौतामा उल्लेख गरिएको रकमको अनुसुची ६ बमोजिमको दर रेटले हुन आउने रकम र अनुसुची ७ बमोजिम तोकिएको निर्धारित न्यूनतम रकममा जुन बढी हुन्छ बढी हुने रकमको आधारमा बहाल कर लगाइनेछ ।

ख. संगठीत संघ संस्था, कम्पनी, कार्यालय बहालमा वसेवापत बहाल रकम वुझाउदा अग्रीम स्रोतमै बहाल रकम कट्टी गरि कट्टी गरेको रकम महानगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

ग. बहालमा लागेको सम्पत्तिको विवरण कार्यालयबाट उपलब्ध गराएको फाराम अनुसार सत्यतथ्य विवरण पेश गर्नुपर्नेछ । झुटा विवरण पेश गरी कर दाखिला गरेमा यस ऐन बमोजिम जरिवाना लगाईनेछ ।

अनुसूची–५
ऐनको दफा ३ सँग सम्बन्धित
भूमिकर (मालपोत) करको दर

क्र.सं.	विवरण	करको दर (%मा)
१	रु. १० लाख सम्म	रु. १००
२	त्यसपछिको रु.१० लाख सम्म थप	०.००५%
३	त्यसपछिको रु.२० लाख सम्म थप	०.०१३%
४	त्यसपछिको रु.२० लाख सम्म थप	०.०१३१%
५	त्यसपछिको रु.४० लाख सम्म थप	०.०१४%
६	त्यसपछिको रु.५० लाख सम्म थप	०.०२९६%
७	त्यसपछिको रु.५० लाख सम्म थप	०.०३१%
८	त्यसपछिको १ करोड सम्म थप	०.०६७%
९	त्यसपछिको २ करोडसम्म थप	०.०७२५%
१०	त्यसपछिको ५ करोड सम्म थप	०.०७९%
११	त्यसपछि माथिको जतिसुकैमा थप	०.०७९५%

पोखरा महानगरपालिका क्षेत्रभित्र रहेका कुनै पनि घरजग्गाधनिले बहालमा बसोबास गर्नेहरुलाई लकडाउन अवधिको घर जग्गा बहाल रकम मिनाहा गरेको प्रमाण आगामी आ.व. २०७७।०७८ असोज मसान्त भित्र पेश गरेमा त्यस अवधिको घर जग्गा बहाल कर मिनाहा गरिने छ ।

बहाल कर मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा दाखिला गर्न सकिनेछ ।

अनुसूची–८
ऐनको दफा ५ सँग सम्वन्धित
व्यवसाय करको दर

१. बैंक वित्तीय संस्था तथा बीमा कम्पनीहरुको लागि

क्र.स.	व्यवसायको विवरण	वार्षिक रु.
१	क वर्गका वित्तीय संस्था वा वाणिज्य बैंक(केन्द्रीय कार्यालय)	२५,०००
२	क वर्गका वित्तीय संस्था वा वाणिज्य बैंक (शाखा कार्यालय)	१५०००
३	ख वर्गकावित्तीय संस्था वा विकास बैंक(केन्द्रीय कार्यालय)	१५०००
४	ख वर्गका वित्तीय संस्था वा विकास बैंक(शाखा कार्यालय)	१००००
५	ग वर्गका वित्तीय संस्था वा फाईनान्स कम्पनी(केन्द्रीय कार्यालय)	१००००
६	ग वर्गका वित्तीय संस्था वा फाईनान्स कम्पनी(शाखा कार्यालय)	९०००
७	लघु वित्तीय संस्थाको मुख्य कार्यालय	८०००
८	लघु वित्तीय संस्थाको शाखा कार्यालय	६०००
९	सहकारी बैंक केन्द्रीय कार्यालय	२००००
१०	सहकारी बैंक शाखा कार्यालय	१००००
११	सहकारी संस्था	
	क.वचत तथा ऋण सहकारी २०० सम्मसदस्य भएका	२०००
	ख. वचत तथा ऋण सहकारी ५०० सम्मसदस्य भएका	५०००
	ग. वचत तथा ऋण सहकारी ५०१ देखि १००० सम्मसदस्य भएका	८०००
	घ. वचत तथा ऋण सहकारी १००० भन्दा बढी सदस्य भएका	१००००
	ङ. कृषि सहकारी संस्था	२०००
	च. महिला सहकारी संस्था	२०००
	छ. बहुउद्देशीय सहकारी संस्था क.५०० सम्मको सेयर सदस्य ख. १००० जना सम्म सेयर सदस्य ग. १००० जना भन्दा माथि शेयर सदस्य	 २००० ४००० ७०००
	ज. अन्य सहकारी संस्थाहरु	२०००
४. पारदर्शिता, जवाफदेहिता, सदाचारसहितको सार्वजनीक प्रशासन, सुसूचित नागरिकसहितको सहभागिता मूलक पद्धती प्रवर्द्धन गर्दै सामाजिक न्याय तथा सुशासन सुनिश्चित गर्ने ।

५. दिगो विकासको लक्ष्य स्थानीयकरण गरी सामाजिक न्याय सहितको समाजवाद उन्मुख समाज निर्माणको आधार तयार गर्ने ।

बजेटको लक्षित उद्धेश्यहरु:

- कोभिड–१९ ले उत्पन्न गरेको परिस्थितीलाई सम्बोधन गर्ने ।
- नागरीकका मौलिक हक एवं जीवन रक्षाको सुनिश्चिता, संस्थागत क्षमता विकास तथा सुशासन प्रवर्द्धन गर्ने ।
- महानगरपालिका, महानगरवासी, सहकारी, नागरिक समाज र निजी क्षेत्रको सहभागितामा आर्थिक तथा सामाजिक क्रियाकलापहरु सञ्चालन गरी हरित अर्थतन्त्र प्रवर्द्धन गर्ने ।
- विकासको लागि आवश्यक स्रोत तथा साधनहरुको अधिकतम सदुपयोग गर्न विकास साझेदारहरुसँग सहकार्य गरी **'समृद्ध नेपाल सुखी नेपाली'** को राष्ट्रिय उद्देश्य अनुरुप दिगो तथा द्रुत विकासका लागि गतिविधिहरु सञ्चालन गर्ने ।
- राजश्वको दायरा वृद्धि गर्ने, कर दाताहरुलाई सम्मान गर्ने, व्यवसायी, पेशाकर्मी, तथा नागरीकहरुलाइ कर प्रणालीमा आवद्ध हुन प्रोत्साहित गर्ने ।

आदरणीय सभाध्यक्षज्यू,

अब म, पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ का लागि सार्वजनिक गरेका नीति तथा कार्यक्रम कार्यान्वयनको लागि विनियोजन र स्रोत व्यवस्थापनको अनुमान पेश गर्न चाहन्छु

- आव २०७७/७८ का नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ६ अर्ब १९ करोड ७१ लाख ७८ हजार रुपैँयाँ अनुमानित बजेट प्रस्ताव गरेको छु । जसमध्ये संघीय सरकारबाट २ अर्ब ५२ करोड ६० लाख र गण्डकी प्रदेश सरकारबाट १० करोड ५९ लाख ६६ हजार गरी जम्मा अन्तर सरकारी वित्तीय हस्तान्तरण वापत २ अर्ब ६३ करोड १९ लाख ६६ हजार प्राप्त हुने अनुमान रहेको छ भने अन्तर सरकारी अख्तियारी बाट ८५ करोड प्राप्त हुने अनुमान छ ।
- राजश्व बाँडफाडँतर्फ संघीय सरकारबाट ३० करोड ६४ लाख र प्रदेश सरकारबाट ४ करोड ३७ लाख गरी जम्मा ३५ करोड १ लाख प्राप्त हुने अनुमान रहेको छ ।

- आन्तरिक स्रोतबाट २ अर्ब ३६ करोड ४२ लाख १२ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

सभाध्यक्षज्यू

अब म, आगामी आर्थिक वर्ष २०७७/०७८ को राजश्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

चालू वर्षको स्विकृत आर्थिक ऐनमा देखिएका समस्या र पोखरा महानगरको कर प्रणालीलाई वैज्ञानिक बनाउन सरोकारवाला संस्थाहरु, राजनीतिक दल, उद्योग वाणिज्य संघ, नागरिक समाज तथा अन्य सरोकारवालाहरुको सुझाव समेतलाई ध्यान दिई आर्थिक विधेयकका अनुसूचीहरुमा आवश्यक परिवर्तन गरिएको छ । आगामी दिनमा करको दायरा फराकिलो बनाई महानगरपालिकाको कर प्रशासन चुस्त दुरुस्त र करदातामैत्री बनाउन आवश्यक कदम चालिनेछ ।

कर प्रशासनलाई व्यवस्थित गर्न निम्नानुसार नीतिहरु अवलम्बन गरिनेछ ।

१. कोभिड १९ को महामारीका कारणले २०७६ चैत ११ देखि २०७७ जेष्ठ मसान्त सम्म भएको बन्दाबन्दीको कारणले नगरको आर्थिक तथा व्यावसायिक कारोवारमा नकारात्मक प्रभाव पारेकोले करदाताहरुलाई निम्नअनुसार सहुलियत दिने प्रस्ताव गरेकी छु ।

- सम्पत्ति वहालतर्फः महानगरपालिकाले भाडामा दिइएका सटर तथा भवनहरुको २०७६ चैत देखि २०७७ जेठ मसान्त सम्म ३ महिनाको घर भाडा तथा वहाल कर छुट दिइने छ । यसरी छुट दिएको वहाल रकम आगामी आर्थिक वर्ष २०७७।७८ को पहिलो चौमासिक भित्र मिलान गर्ने गरी व्यवस्था मिलाएको छु ।
- महानगरपालिका स्थापना दिवसको अवसरमा क्षेत्रगत रुपमा उत्कृष्ट करदाता छनोट गरी महानगर उत्कृष्ट करदाताबाट सम्मान गरिने छ ।
- अन्डरग्राउन्ड पार्किङसहित निर्माण भएका घर तथा भवनहरुको नक्सापास दस्तुरमा एक तलाको राजश्व छुटको व्यवस्था र भूकम्प पीडित लाभग्राहीमा परेका परिवारले नक्सापास गर्दा उक्त दस्तुरमा एक हजार स्क्वायर फिटको ग्राउन्ड लेबलसम्म नक्सापास दस्तुरमा सतप्रतिशत छुटको व्यवस्था गरिएको छ । पोखरा महानगरपालिका क्षेत्र भित्र पुरातात्विक महत्वका पुराना घरहरु भत्केको स्थानमा साविककै शैली झल्कने गरी भवन निर्माण गरेमा ५० प्रतिशत छुट दिइनेछ । पूर्ण रुपमा पार्किङ भवन बनाएमा राजश्व छुट दिइनेछ ।

- पर्यटकका ग्रामीण पर्यटकीय क्षेत्रमा भवन निर्माण गर्दा नक्सापास दस्तुरमा ५० प्रतिशत छुट दिइने छ ।
- अपाङ्गता भएकाहरु, पिछडिएका वर्ग तथा महिलाले व्यवसाय दर्ता गर्दा ३० प्रतिशत छुट, कृषि सम्बन्धी व्यवसायको लागि ३० प्रतिशत छुट, सम्पत्ति, भूमिकर (मालपोत) कर पुस मसान्तसम्म भुक्तानी गरेमा १० प्रतिशत छुट र कम्तिमा ३ रोपनी भन्दा बढी जग्गा कृषि प्रयोजनमा रहेको छ भने ३० प्रतिशत भूमिकरमा छुटको व्यवस्था गरिनेछ ।
- लकडाउन अवधिमा घर धनीहरुले घर भाडा मिन्हा गरेमा सो अवधिको वहाल करमा छुट दिइने छ ।
- महानगरका नियमित करदाताहरुलाई कोभिड १९ को कारण व्यवसामा परेको असरलाई मध्यनजर गर्दै निश्चित मापदण्ड तयार गरी सहुलियतको व्यवस्था मिलाइने छ ।

अब म, आ.व. २०७७/०७८ को लागि क्षेत्रगत विनियोजन तर्फको बजेट प्रस्तुत गर्न चाहन्छु,

संघीय सरकार बाट प्राप्त अख्तियारी समेत कुल प्रस्तावित बजेट ६ अर्ब १९ करोड ७१ लाख ७८ हजार मध्ये चालु खर्च तर्फ ३ अर्ब २० करोड ८४ लाख र पुँजीगत खर्च तर्फ २ अर्ब ९८ करोड ८८ लाख छ भने उक्त बजेट मध्ये प्रशासनिक खर्चमा १ अर्ब ५८ करोड ४ लाख र कार्यक्रम खर्चतर्फ ४ अर्ब ६१ करोड ६८ लाख बजेट विनियोजन गरिएको छ जस मध्ये चालु खर्च तर्फ ५२ प्रतिशत र पुँजीगत तर्फ ४८ प्रतिशत हुन आउँछ भने प्रशासिनक तथा सञ्चालन तर्फ २६ प्रतिशत र कार्यक्रम तर्फ ७४ प्रतिशत हुन आउँछ । कुल विनियोजन मध्ये विभिन्न कोषहरुमा १० करोड, विभिन्न विषयगत समितिहरुको आन्तरिक पुँजीगत खर्च २ अर्ब ८० करोड २१ लाख ५८ हजार विनियोजन गरेको छु ।

पूर्वाधार तर्फ

१) महानगरका सहरी र पहाडी क्षेत्रमा सडक कनेक्टिभिटी सहज बनाउने कार्यलाई उच्च प्राथमिकतामा राख्दै चालु आवमा संचालनमा रहेका योजना सम्पन्न गर्नका लागि ६५ करोड ४४ लाख ९२ हजार रुपैँयाँ बजेट विनियोजन गरेको छु ।

२) चालु आवमा काम सुरु गरिएका मोटरेबल पुलहरु भोटीखोला, घोरकुना, फिर्के खोला, स्यानीखोला, स्याङखुदी खोला, बगादी खोला र सिर्जनाचोकको आकाशे पुललाई सम्पन्न

लागि यस आवमा समेत निरन्तरता दिँदै चालु पुल तर्फका योजनाका लागि १३ करोड ५० लाख ४२ हजार बिनियोजन गरेको छु । वडा न. ३० र ३२ जोड्ने ओर्लाङ झोलुङ्गे पुल, वडा न १४ र १५ जोड्ने कल्भर्ट, वडा न १० र १५ जोड्ने कल्भर्ट, वडा न ५र ६ जोड्ने कल्भर्ट निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३) वडा कार्यालयलाई अत्यावश्यक सेवा सञ्चालन गर्न सहज हुने गरी यस आवमा निर्माण सुरु गरिएका ७ वटा वडाका कार्यालय भवन निर्माण सम्पन्न गर्नका लागि चालु भवन तर्फको योजनाको लागि ६ करोड ११ लाख विनियोजन गरेको छु । आगामी आवमा वडा कार्यालय भवन निर्माण, कोरोना संक्रमण फैलिन नदिनका लागि क्वारेन्टाइन तथा आइसोलेसन भवन निर्माणका लागि जिल्ला समन्वय समिति सगँको सहकार्यमा कार्यक्रम संचालनका लागि १० करोड रुपैँयाँ विनियोजन गरेको छु । यस आवमा जग्गा व्यवस्थापन गरी महानगरपालिका भवन निर्माणको कार्यलाई अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

४) सडक सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै पोखरा महेन्द्रपुलमा ट्राफिक लाइटको निर्माण गर्न बोलपत्र आव्हान भइसकेको छ । महानगरका व्यस्त चोकहरुमा ओभरहेड र सबवे संरचना निर्माण, अध्ययन डिजाइनको कार्यलाइ अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु । अन्य दुई स्थानमा ट्राफिक बत्ती राख्नको लागि थप बजेट व्यवस्था गरेको छु । शान्तिनगर चोकमा नमुनाको रुपमा राखिएको पैदलयात्री ट्राफिक बत्तीलाई सञ्चालनमा ल्याइने छ ।

५) गत वर्षदेखि सञ्चालित उज्यालो पोखरा कार्यक्रम अन्तर्गत सडक बत्तीलाई मर्मत कार्यलाई आगामी आवमा समेत निरन्तरता दिइने छ । स्मार्ट सडक बत्ती व्यवस्थापनको डिपिआर तयार गर्ने कार्य सम्पन्न भएको र डिपिआर अनुसार नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा काम गर्न २ करोड रुपैँयाँ विनियोजन गरेको छु ।

६) पोखराको सिद्धार्थचोकदेखि साँघुको मुख सम्मको सडक सौन्दर्यकरण कार्यक्रमलाई निरन्तरता दिँदै महेन्द्रपुलमा लिफ्ट सहितको आकाशेपुल निर्माण सुरु गर्न १ करोड ४० लाख बजेट बिनियोजन गरेको छु ।

७) मुख्य सहरी सडक अस्फाल्ट कंक्रिट गर्ने कार्य निरन्तरताका लागि १४ करोड ३८ लाख ३३ हजार विनियोजन गरेको छु ।

८) पोखरा वडा न १७ को आरटिओं सडक स्तरोन्नति निरन्तरताका लागि ७ करोड ३६ लाख १३ हजार विनियोजन गरेको छु । जाल्पा मार्ग,जरेबर धारापानी सडकलाई नमुना सडकका रुपमा विकास गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

९) लेक टु लेक केभ टु केभ जोड्ने सडकको प्राविधिक सर्वेक्षण अनुसार कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१०) महानगरस्तरीय क्रमागत योजनाहरुलाई आगामी आ.व. मा निरन्तरता दिनुको साथै सडक मर्मत सम्भार कोष सञ्चालनको व्यवस्था मिलाएको छु ।

११) पोखरा बसपार्क व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु । गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा लामे आहालमा क्षेत्रीय बसपार्क निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१२) महानगर भित्र सञ्चालित आयोजनाको गुणस्तर कायम राख्न गुणस्तर मापन प्रयोगशाला सञ्चालन निरन्तरताको व्यवस्था मिलाएको छु ।

१३) वडा न ३२ मा कोत्रेमा एकीकृत (शान्ति सुरक्षा, स्वास्थ्य, पैठारी निकासी विवरण, सूचना प्रविधि, राजश्व) डिजिटल प्रवेशद्वार प्रणाली जडान गर्न आवश्यक बजेट विनियोजन गरेको छु । पोखरा ३२ मजुवामा पार्क निर्माणको डिपिआर तयार भइसकेकाले निर्माण कार्य अगाडि बढाउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

१४) विजयपुर माझठाना सडक, पामे घाटीछिना सडक, मणिपाल न्यालेचौर सडक ,कालिकाचोक थुम सडक निर्माणका लागि समपुरक साझेदारीको लागि १२ करोड विनियोजन गरेको छु । तालचोक बेगनास सडक निर्माणको लागि विश्व बैंकको साझेदारीमा नेपाल सरकार शसर्त अन्तर्गत २५ करोड ३९ लाखको आयोजना आगामी आर्थिक वर्षमा सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाइएको छ ।

१५) ३३ वटै वडाहरुमा वडास्तरीय विकास निर्माणका कार्यक्रमका लागि २३ करोड १० लाख बजेट विनियोजन गरेको छु ।

१६) संघ सरकारसँगको साझेदारीमा ९ वटा ब्यवस्थित स्वास्थ्य चौकि निर्माण गर्नका लागि आवश्यक ब्यवस्था मिलाएको छु ।

१७) पोखरा सभागृह मर्मत सम्भार गर्न ३ करोड बजेट विनियोजन गरेको छु । निजी क्षेत्रसँगको सहकार्यमा अन्तर्राष्ट्रिय स्तरको सभाहल निर्माणलाई आवश्यक प्रक्रिया अगाडि बढाउन बजेट व्यवस्था गरेको छु ।

१८) पूर्वाधार तर्फका योजनामा संघीय र प्रदेश अनुदानबाट ५१ करोड ६९ लाख र आन्तरीक स्रोतबाट २ अर्ब २१ करोड ७१ लाख गरी २ अर्ब ७३ करोड ४० लाख बजेट विनियोजन गरेको छु ।

हामी बनाउँछौ हाम्रो महानगर

- हामी बनाउछौ हाम्रो महानगर अर्न्तगत सडक निर्माण, खानेपानी लाइन विस्तार, तथा बहुउद्देश्यीय भवन निर्माणका लागि जनसहभागीता सहित कार्यक्रम सञ्चालन गर्न रु २० करोड बिनियोजन गरेको छु ।

स्थानीय सेवाको व्यवस्थापन

- प्रशासन र सेवा प्रवाह सुधारको कार्यलाई निरन्तरता दिइने छ । यसै आवदेखि कर्मचारी र जनप्रतिनिधिको कोरोना बिमा गर्ने कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्थायी, अस्थायी, करार सम्पूर्ण कर्मचारीहरुलाई प्रदान गर्दै आइरहेको स्थानीय भत्ता, अतिरिक्त कार्य समय भत्ता, मूल्यांकन भत्ता लगायतका सबै प्रकारका अतिरिक्त भत्ताहरुलाई यस आर्थिक वर्षदेखि कटौती गर्नुका साथै स्थायी, अस्थायी र करार सबै कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप मासिक रु.२०००(दुई हजार) प्रति कर्मचारीलाई प्रोत्साहन रकम व्यवस्था गरिने छ ।

सहकारी

- पोखरा महानगरपालिका र महानगरपालिकामा कार्यरत सहकारीहरुसँगको साझेदारीमा विशिष्टिकृत संस्था स्थापना गरी कोरोनाका कारण रोजगारी गुमेर फर्किएका युवाहरुलाइ रोजगारी प्रबन्ध गर्न आवश्यक व्यवस्था मिलाएको छु ।
- महानगरपालिका, सहकारी र जनता साझेदारीमा उद्योग सञ्चालन गरी रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- सहकारी उद्यमशीलता, वित्तीय साक्षरता, सहकारी एकीकरण अभियान तथा अनुगमन निरीक्षण कार्यलाई अगाडि बढाउनुका साथै सीप विकास प्रशिक्षण केन्द्र मार्फत क्षमता विकास सञ्चालनमा ल्याउनका लागि ४ करोड बजेट विनियोजन गरेको छु । साथै सहकारी बैक स्थापनाका लागि अध्ययन कार्यदल गठन गर्न आवश्यक व्यवस्था गरेको छु ।

स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन

- महानगरपालिकाको वडाहरुको गरिबी नक्सांकन तथा पारिवारिक विवरण संकलन कार्य आगामी वर्ष सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- सार्वजनिक जग्गाको लगत अध्यावधिक गर्दै २०७५–०७८ लाई सार्वजनिक जग्गा संरक्षणको वर्ष घोषणा गरे अनुरुप सार्वजनिक जग्गाको संरक्षणको गर्न सामाजिक

संस्थाहरुसँग सहकार्य गरिनेछ । सार्वजनिक जग्गा संरक्षणका साथै खुल्ला क्षेत्र संरक्षण तथा पार्क निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

स्वास्थ्य :

- गुणस्तरीय स्वास्थ्य सेवामा महानगरवासीहरुको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाइने छ । भौतिक संरचनाहरुको विकास, दक्ष जनशक्ति व्यवस्थापन, प्रयोगशाला तथा उपकरणहरुको व्यवस्था गर्न विशेष अनुदान बाट ४ करोड बजेट विनियोजन गरेको छु ।
- सहरी आधारभूत स्वास्थ्य केन्द्रहरुद्धारा गुणस्तरीय सेवा उपलब्ध गराई सामाजिक न्यायसहितको जवाफदेही स्वास्थ्य सेवा प्रणालीको विकास गरी स्वस्थ्य समाजको निर्माणमा जोड बजेट विनियोजन गरेको छु ।
- कोभिड-१९ लाई सम्वोधन गर्न हाल सञ्चालित कार्यक्रमहरुको निरन्तरता गर्दै थप विशेष कार्यक्रमहरु सञ्चालन गर्न २ करोड बजेटको व्यवस्था गरेको छु ।
- निजी क्षेत्रहरुबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको गुणस्तरलाई नियमित रुपमा अनुगमन गरी थप जिम्मेवार र जवाफदेही बनाइने छ ।
- स्वास्थ्य तर्फका कार्यक्रम सञ्चालन गर्न सशर्त कार्यक्रम १९ करोड ३३ लाख र आन्तरिक ९ करोड ५१ लाख गरी कोरोना प्रभावितलाई विशेष कार्यक्रम समेत सञ्चालनका लागि २८ करोड ८४ लाख बजेट विनियोजन गरेको छु ।
- श्रममा आधारित कोरोना विशेष रोजगार कार्यक्रम सञ्चालन गर्न संघीय कार्यक्रमसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गर्न ३ करोड ४९ लाख बजेट विनियोजन गरेको छु ।

शिक्षा

- अनुसन्धान र खोजमूलक शिक्षामा जोड दिँदै चालू आवमा साझेदारी गरिएका विद्यालयको नतिजाका आधारमा साझेदारी कायम गर्ने नीति लिइएको छ । नतिजाको आधारमा एक प्रादेशिक निर्वाचन क्षेत्र एक उत्कृष्ट विद्यालय छनौट गरी पुरस्कृत गरिनेछ ।
- पोखरा प्राविधिक शिक्षालय सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गर्दै महानगर अनुसन्धान तथा विकास केन्द्र, महानगर भित्र रहेका विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानहरुको सहकार्यमा अध्ययन अनुसन्धान कार्य अगाडि बढाउँदै विज्ञान सम्मेलन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- सिप विकास तथा रोजगारी केन्द्र मार्फत कोभिड १९ को कारणले रोजगारी गुमाएका युवालाई प्रोत्साहन गरी नयाँ व्यवसायमा अनुकुलन गराउनका लागि सिप विकास तथा क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक प्रबन्ध मिलाएको छु ।

- विद्यार्थीलाई घरबाटै शिक्षा लिने व्यवस्थाको लागि आवश्यक समन्वय गर्न बजेट व्यवस्था गरेको छु ।
- शिक्षातर्फ संघीय अनुदानबाट १ अर्ब २४ करोड ५६ लाख र आन्तरिक स्रोतबाट ५ करोड ७ लाख गरी १ अर्ब २९ करोड ६३ लाख बजेट विनियोजन गरेका छु ।

हाम्रो अभिभारा, स्वच्छ सुन्दर पोखरा

- हाम्रो रहर, सुन्दर सहर भन्ने उद्घोषका साथ टोल विकास संस्थाको सहकार्यमा **आफ्नो आँगन आफै बनाऔ** अभियान संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु । आगामी आवमा सफा टोल, स्वस्थ्य नागरिक अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाउन आवश्यक बजेट व्यवस्था गरेका छु ।
- महानगर क्षेत्रभित्र वैकल्पिक ल्यान्डफिल साइट सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु । अस्पतालजन्य फोहोर व्यवस्थापन थप ब्यवस्थित बनाउनका लागि आवश्यक ब्यवस्था गरेको छु ।
- सार्वजनिक निजी साझेदारी कार्यक्रम अर्न्तगत स्थापित तथा सञ्चालित अस्पताल तथा स्वास्थ्य संस्थाजन्य फोहोर तथा विषादीयुक्त फोहोर व्यवस्थापनको लागि एकीकृत फोहोर व्यवस्थापन केन्द्रलाइ थप व्यवस्थित गरी एकीकृत सेवा प्रदानका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- आवश्यक सेवासहितको थप सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्नुका साथै आधारभूत स्वास्थ्य सेवा, भ्याक्सिन र खोपहरु निशुल्क गर्न बजेट व्यवस्था गरेको छु । प्रदेश र संघ सरकारसँगको सहकार्यमा ९ वटा आकस्मिक स्वास्थ्य संस्था संचालनको आवश्यक व्यवस्था मिलाएको छु ।
- आई.एन.एफ.सँगको साझेदारीमा महानगरभित्र स्वास्थ्य कार्यक्रम संचालनका लागि १३ करोड बजेट व्यवस्थापन गरेको छु ।
- वडामा दन्त शिविर स्वास्थ्य कार्यक्रम, घुम्ती स्वास्थ्य शिविर र सुरक्षित सुत्केरी कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्न ५२ लाख बजेट विनियोजन गरेको छु ।
- सबैको लागि स्वास्थ्य सेवा कार्यक्रम वडा/वडामा सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु । स्वास्थ्य बिमाको कार्यक्रमलाई अनिवार्य गर्ने प्रबन्धका साथै ज्येष्ठ नागरिक स्वास्थ्य उपचारका लागि बजेट व्यवस्था गरेको छु ।
- महानगर भित्र सञ्चालित अस्पताल, फार्मेसी लगायत निजीस्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमनका लागि बजेट व्यवस्था गरेको छु ।
- शिसुवा अस्पताल सवलीकरणका लागि ५५ लाख बजेटको व्यवस्था गरेको छु । यसबाट सुरक्षित मातृत्व कोष संचालनलाई प्रभावकारी हुने विश्वास लिएको छु ।

- कोरोना महामारीको समयमा पोखरा महानगर अन्तर्गत रहेको ४३ वटा स्वास्थ्य संस्थाबाट असहज परिस्थितिमा सेवा प्रदान गर्न आवश्यक जनशक्ति व्यवस्थापनका लागि बजेट व्यवस्था गरेको छु ।
- ५०' शैय्याको सरुवा रोग अस्पताल निर्माण गर्न सम्भाव्यता अध्ययन तथा सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गर्नुका साथै सहरी स्वास्थ्य केन्द्र मर्मत तथा ध्यान केन्द्र निर्माणको व्यवस्था मिलाएको छु ।
- स्वास्थ्य संस्थामा स्वच्छ पिउने पानीको व्यवस्था मिलाइने छ । विश्व स्वास्थ्य संगठनले तोकेको बी तहको एम्बुलेन्स र शव वाहन एक/एक वटा खरिद गर्न ९० लाख बजेट विनियोजन गरेको छु ।

वातावरण

- फेवाताल जलाधार क्षेत्र संरक्षणका लागि प्रदेश सरकारसँगको सहकार्यमा फेवातालमा सिल्टेसन ड्याम निर्माण तथा जलाधार क्षेत्र संरक्षण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- यस वर्ष १५ किमी सडक किनारामा वृक्षरोपण गरिने छ । नदी किनारामा बास, अम्रिसो लगायतका बिरुवा रोप्ने कार्य अभियानका रुपमा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- राष्ट्रिय विभूति तथा सहिद पार्कमा पोखरा ब्यानर निर्माण तथा पैदलमार्ग निर्माणका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- खुल्ला स्थानहरुमा सर्भिस स्टेसन तथा जग्गाको उपलब्धता हेरि सार्वजनिक शौंचालय निर्माणको लागि आवश्यक बजेट बिनियोजन गरेको छु । हल्लनचोकमा अत्याधुनिक सार्वजनिक शौंचालय निर्माण कार्य आगामी आवमा सम्पन्न गर्ने गरी ९६ लाख बजेट विनियोजन गरेको छु ।
- सुइखेत खोला, कालीखोला, सेती नदी, खुदीखोला, काहुँखोला, भोटीखोला लगायत नदीहरुले बस्तीमा पारेको असर न्यूनीकरण गरी संरक्षण गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- ताल, पोखरी र चौतारी संरक्षणका लागि आगामी आवमा निरन्तरता दिने गरी आवश्यक व्यवस्था मिलाएको छु ।
- कालिका पोखरी तथा कश्यप ताल संरक्षणको लागि डिपिआर अनुरुप निर्माण सुरु गर्न बजेट विनियोजन गरेको छु ।
- पञ्चासेलाई सुनाखरी संरक्षण क्षेत्रको रुपमा अगाडी बढाउन आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

कृषि तथा पशु

- संस्थागत विकास, कृषक क्षमता अभिवृद्धि, प्रविधीको सदुपयोग, भूमिको व्यवस्थापन, भूमि बैंकको स्थापना लगायतका कार्यक्रम सञ्चालन गर्न संघीय अनुदानबाट १ करोड ३३ लाख र आन्तरिक स्रोतबाट १ करोड ४६ लाख गरी ३ करोड ८९ लाख बजेट विनियोजन गरेको छु । बाँझो बारीमा प्रोटिनयुक्त घाँस भन्ने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिइने छ ।
- मेयर प्रविधि मैत्री कृषि कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिन बजेट व्यवस्था गरेको छु ।
- शुद्ध नश्ल बोयर बोका र बंगुरका पाठापाठी तथा नेपियर घाँस किसानहरुलाई निशुल्क वितरण गर्न राष्ट्रिय पशु प्रजनन कार्यालय पोखरासँग समन्वय गरिने छ । पशु सेवा केन्द्र मार्फत् पशुहरुको निशुल्क औषधी वितरण कार्यलाई निरन्तर दिन बजेटको व्यवस्था गरेको छु । छाडा चौपायाँ नियन्त्रण गर्न निश्चित रकम तिरेपछि महानगरपालिकाले व्यवस्थापन गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु ।
- अनुत्पादक र बाँझो पन भएका पशुहरुको उपचारको लागि विज्ञको सहयोगमा घरगोठमा उपचार कार्यक्रम सञ्चालन गरिने छ ।
- पशुतर्फका कार्यक्रम सञ्चालनका लागि १ करोड ४६ लाख बजेट विनियोजन गरेको छु ।

न्यायिक समिति

- न्यायिक समिति मार्फत् प्रदान गरिने सेवालाइ थप प्रभावकारी र सर्वसुलभ बनाइने छ । लैंगिक समानता तथा हिंसामा परेका महिलाको सहायता लागि कानुनी परामर्श तथा सहायता कक्षलाई थप व्यवस्थित र सुलभ बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

सामाजिक सुरक्षा

- अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकको लागि महानगरभित्र यातायातामा छुटको व्यवस्था मिलाउन २० लाख बजेट विनियोजन गरेको छु ।
- क्रियाशील पत्रकारहरुको सामाजिक सुरक्षाका लागि पत्रकार उपचार कोष सञ्चालनलाई निरन्तरता प्रदान गर्दै कोषमा २० लाख बजेट विनियोजन गरेको छु ।
- महिला हिंसा विरुद्ध पुरुषहरुको ऐक्यवद्धता सम सचेतता कार्यक्रम सञ्चालन गरिने छ । सामाजिक विकासतर्फका कार्यक्रमको लागि संघीय अनुदानबाट १ करोड १९ लाख । आन्तरिक स्रोतबाट १३ करोड ६९ लाख बजेट प्रस्ताव गरेको छु ।
- सामाजिक सुरक्षा भत्ता वितरणको लागि संघीय अनुदानबाट ७५ करोड र महानगरपालिकाबाट दिँदै आएको थप सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिएको छु । जसका लागि ६ करोड बजेट विनियोजन गरेको छु ।

- सिमान्तकृत, अल्पसंख्यक, दलित, मुस्लिम, जनजाति, जनआन्दोलनको घाइते, सहिद परिवार लक्षित कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- बालबालिका सम्बन्धी कार्यक्रमलाई सञ्चालन गर्न र बाल मैत्री महानगर पालिका घोषणको लागि सूचकांक प्राप्त गर्न २५ लाख बजेट विनियोजन गरेको छु ।

डिजिटल तथा रंगीन क्लस्टर निर्माण

- महानगरको वडा नम्बर ५, ६ र ७ मा पर्ने शान्तिनगरचोकदेखि हल्लनचोकसम्मको सडक र बस्तीलाई रंगिन क्लस्टर निर्माण गर्ने गरी नमुना बनाउने कार्यको निरन्तरताको लागि बजेट विनियोजन गरेको छु ।

उपप्रमुखसँग महिला कार्यक्रम

- **'समृद्धि र विकास निर्माणको आधार, सम्पूर्ण क्षेत्रमा महिलालाई समान व्यवहार'** को नारालाई आत्मसाथ गर्दै महानगर क्षेत्रभित्र महिला सशक्तीकरण र उद्यमशीलता विकासका लागि उपप्रमुखसँग महिला कार्यक्रमलाई निरन्तरता दिनका लागि ३ करोड विनियोजन गरेको छु ।
- कोरोनाको कारण रोजगारी गुमेका महिलाहरुलाई उद्यमशीलता विकास तथा रोजगारी प्रवर्द्धनका लागि उपप्रमुखसँग महिला कार्यक्रम अन्तर्गत स्वरोजगार कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

युवा तथा खेलकुद

- महानगर युवा परिषद् तथा खेलकुद विकास समिति गठन र सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- वडा नम्बर २० मा हाइअल्टिच्युट खेल मैदान निर्माण निरन्तरताको लागि ५० लाख बजेट विनियोजन गरेको छु ।
- **'स्वास्थ्यका लागि व्यायाम'** मा जोड दिँदै टोल तथा पार्कहरुमा खुल्ला व्यायामशाला निर्माण गर्ने कार्यलाई निरन्तरता दिँदै १० स्थानमा व्यायाम सामग्री जडानको लागि बजेट व्यवस्था गरेको छु ।
- विपदमा युवा स्वयमसेवा कार्यक्रमलाई निरन्तरता दिँदै पोखरा म्याराथुन संचालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । उत्कृष्ट वर्ष खेलाडी छनौट गरी अर्वाड प्रदान गर्नका लागि आवश्यक ब्यवस्था मिलाएको छु ।

पर्यटन

- हाम्रो चाहना पर्यटन मैत्री संरचना निर्माण कार्य अभियानको रुपमा अगाडी बनाउने ब्यवस्था मिलाएको छु । पर्यटकीय राजधानी पोखरालाई विश्वभर परिचित गराउन पर्यटकीय स्थल सम्बन्धी सूचनाहरुलाई विभिन्न भाषामा तयार गरी प्रचार प्रसार गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

- स्थानीय अर्गानिक उत्पादनलाई प्रवर्द्धन गर्दै पोखरा महानगरपालिकालाई एग्रो टुरिजम हबको रुपमा विकास गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- सामुदायिक वनहरुसँगको सहकार्यमा खुला क्षेत्र संरक्षण तथा पिकनिक स्थल निर्माणलाई निरन्तरता दिँदै १४ स्थानमा पिकनिक स्थल निर्माण गरिने छ ।
- सराङकोट र पुम्दीभुम्दीमा निर्माणधीन पर्यटकीय संरचना निर्माणलाई निरन्तरता दिएको छु ।
- पर्यटन क्षेत्रका लागि २ करोड ४६ लाख बजेट विनियोजन गरेको छु ।

भाषा, कला, साहित्य, संस्कृतिको संरक्षण र विकास

- महानगर भित्र बोलिने लोपोन्मुख भाषाहरुको संरक्षणमा जोड दिइने छ । आगामी आर्थिक वर्षमा २ वटा भाषाको शव्दकोष र व्याकरण निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- पोखरा साहित्य सम्मेलन गर्न बजेटको व्यवस्था गरिएको छ । पोखरा प्रज्ञा प्रतिष्ठानलाई सञ्चालनमा ल्याउन बजेट विनियोजन गरेको छु ।
- **अन्त्यमा,**
  प्रस्तुत वार्षिक बजेट तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, सभासदज्युहरु, नगरस्थित क्रियाशील राजनीतिक दलहरु, नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरु, कर्मचारी मित्रहरुलाई पुनः धन्यवाद दिन चाहन्छु । पोखराको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म, पोखरा महानगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुने नै छ भन्ने विश्वास लिएको छु ।
- आगामी आर्थिक वर्षका लागि पेश गरिएको बजेट तथा कार्यक्रम र सो सँग सम्बन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक एवं सिर्जनात्मक ढंगले सघन छलफल गरी पारित गरिदिनु हुने छ भन्ने विश्वासको साथ सम्पूर्ण नगर सभासदज्यूहरुमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

जय पोखरा जय नगरबासी !!

मञ्जुदेवी गुरुङ
उपप्रमुख

कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७७

प्रमाणिकरण मिति : .....

२०७७ सालको ऐन नं. : .....

प्रस्तावना : महानगरपालिकालाई प्राप्त राजस्व अधिकारको व्यवस्थालाई पारदर्शी, न्यायोचित, व्यवस्थित तथा प्रभावकारी रुपमा लागु गरी नागरिकलाई सेवा प्रवाह गर्न सक्ने क्षमतामा सुधार ल्याउन वाञ्छनीय भएकाले,

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार नेपालको संविधानको धारा २२८ को उप-धारा (२) बमोजिम पोखरा महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७७" रहेको छ ।

(२) यो ऐन महानगरपालिका क्षेत्रभर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान लाई जनाउँछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

(ग) "सभा" भन्नाले पोखरा महानगरपालिकाको नगरसभालाई जनाउँछ ।

(घ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधीले तोकिए बमोजिमलाई जनाउँछ ।

(ङ) "वडा कार्यालय" भन्नाले वडा समितिको कार्यालयलाई जनाउछ ।

(च) "स्थानीय तह" भन्नाले पोखरा महानगरपालिकालाई जनाउछ ।

(छ) "कर" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन अनुसार लागेको वा लाग्ने कर सम्झनु पर्छ र यो शब्दले सो करको अतिरिक्त यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

(ज) "गैर कर" भन्नाले महानगरपालिकाले आन्तरिक रुपमा आय संकलन गर्ने कर वाहेकका अन्य सवै किसिमका आयका स्रोतहरुलाई जनाउँछ र यो शब्दले सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

(झ) "कर निर्धारण" भन्नाले यस ऐन र अन्य प्रचलित कानून वमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पुनःकर निर्धारण तथा संशोधित कर निर्धारण समेतलाई जनाउँ छ ।

(ञ) "करदाता" भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(ट) "कर अधिकृत" भन्नाले महानगरपालिकाको राजस्व शाखा प्रमुखलाई सम्झनु पर्छ र सो शब्दले राजस्व शाखा प्रमुखद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने महानगरपालिकाको अधिकृत स्तरका अन्य कर्मचारीहरुलाई समेत जनाउँछ ।

परिच्छेद - २

राजस्व सम्बन्धी सामान्य सिद्धान्त, क्षेत्र र आधार

३. **कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त** : (१) कर राजस्व लगाउँदा देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछ :-

(क) करतिर्न सक्ने क्षमता,

(ख) समानता र न्यायमा आधारित,

(ग) सरलता, पारदर्शीता र मितव्ययीता,

(घ) नागरिक सुविधा,

(ङ) कर तिर्ने स्वप्रेरणा,

(च) कराधार, करको दर र तिर्ने अवधीको निश्चितता,

(छ) पश्चातदर्शी असर नपर्ने ।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

४. **राजस्वका क्षेत्र र आधार** : (१) महानगरपालिकाको कर तथा गैर करको क्षेत्र तथा आधार परिच्छेद ४ वमोजिमको कर, परिच्छेद ५ वमोजिमको सेवा शुल्क, दस्तुरका तथा परिच्छेद ६ वमोजिमको छुट, जरिवाना, व्याज (हर्जाना) हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित क्षेत्र र आधार बाहेक महानगरपालिकालाई प्रचलित कानून बमोजिम अन्य कर तथा गैर कर राजस्व अधिकार थप भएको अवस्थामा त्यस्तो राजस्व महानगरपालिकाको आर्थिक ऐनले तोकेको आधारमा असूल गरिनेछ ।

परिच्छेद - ३
राजस्व प्रशासन सम्बन्धी व्यवस्था

५. **राजस्व प्रशासन :** (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रको कर तथा गैर करको प्रशासनिक कार्य महानगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको राजस्व प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार राजस्व शाखा तथा आवश्यकता अनुसार राजस्व संकलन एकाईहरु रहनेछन् ।

६. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) राजस्व शाखामा रहने कर्मचारीको तह र दरबन्दी नगर सभाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षणले गरे बमोजिम हुनेछ ।

(२) राजस्व शाखाले स्वीकृत दरबन्दीका आधारमा वडा कार्यालयहरुमा राजस्व सम्बन्धी काम गर्ने गरी तोकिएका कर्मचारीहरु तथा राजस्व संकलन स्थानमा तोकिएका कर्मचारीहरुलाई काममा लगाउन सकिनेछ ।

७. **राजस्व शाखाको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त राजस्व शाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) करपरिक्षण तथा अनुसन्धान गर्ने,

(घ) कर तथा गैरकर राजस्व संकलन गर्ने,

(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक काम गर्ने,

(च) करदातामैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक काम गर्ने,

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर सम्बन्धी कानून र कर प्रशासन सुधारका उपायहरु बारे कार्यपालिकालाई सुझाव दिने,

(झ) राजस्व प्रक्षेपणका लागि सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने,

(ट) राजस्व सम्बन्धी विवरण तथा अभिलेखहरु सुरक्षित र व्यवस्थित रुपमा राख्ने,

(ठ) राजस्व सुधार योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

(ङ) राजस्व सम्बन्धी अन्य काम गर्ने ।

अधिकार प्रत्यायोजन : (१) राजस्व शाखा प्रमुखले यस ऐन बमोजिम आफूमा रहेको कर तथा गैरकर राजस्व उठाउने अधिकार आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) राजस्व शाखा प्रमुखले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

९. **प्रत्यायोजित अधिकार र जिम्मेवारी** : (१) यस ऐन बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर्मचारीले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारीप्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

परिच्छेद - ४
कर राजस्व सम्बन्धी व्यवस्था

१०. **सम्पत्ति कर** : (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सम्पत्ति कर लगाउनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ११ बमोजिम भूमीकर (मालपोत) लगाउनेछ ।

स्पष्टीकरण. यस दफाको प्रयोजनका लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ ।

(३) उपदफा (१) को प्रयोजनका लागि घर र जग्गाको मूल्यांकन गर्दा देहायका आधारमा गरिनेछ :

(क) घर र जग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र जग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(४) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा गर्नुपर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर र जग्गामा सम्पत्ति कर लाग्नेछैन :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र जग्गा,

(ग) गुठीको स्वामित्वमा भएको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र जग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र जग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र जग्गा,

(छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदूतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका घर र जग्गा ।

(६) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(७) सम्पत्तिको मूल्याङ्कन सिफारिशकालागि महानगरपालिकाले दक्ष वा विशेषज्ञ सहित बढीमा पाँच सदस्य रहेको सम्पत्ति कर मूल्याङ्कन समिति गठन गर्न सक्नेछ र यस्तो समिति गठन नभएको अवस्थामा राजश्व परामर्श समितिले नै मूल्यांकन समितिको कार्य गर्नेछ ।

(८) उपदफा (७) बमोजिम गठित समितिको कार्यावधि तीन वर्षको हुनेछ र समितिले प्रत्येक वर्षमा घर जग्गा मूल्यांकनका आधार र दररेटको सुझाव महानगरपालिकामा सिफारिश गर्नेछ

(९) सम्पत्तिको मूल्याङ्कन तथा ह्रासकट्टीको दर आर्थिक ऐनले व्यवस्था गरे बमोजिम हुनेछ ।

(१०) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ :

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एकभन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र नभएमा संयुक्त स्वामित्वलाई एउटा व्यक्ति ।

(११) सम्पत्ति करको प्रयोजनकोलागि घर भएको कित्तामा जोडिएका सोही व्यक्तिको नाउँमा रहेका अन्य सबै कित्ताहरुलाई एउटै कित्ता मानी घरले चर्चेको जग्गाको क्षेत्रफल निर्धारण गरिने छ ।

(१२) करदाताले यस दफा बमोजिमको सम्पत्ति कर वार्षिक रुपमा तिर्नु पर्नेछ ।

(१३) सम्पत्तिको पहिचान, विवरण संकलन, अभिलेख प्रणाली, सम्पत्ति मूल्यांकन, कर असूली तथा कर सहुलियत र जरीवाना सम्बन्धी व्यवस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

११. **भूमिकर (मालपोत)** : (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्र यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा मूल्यांकनको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा भूमिकर (मालपोत) लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, गुठीको स्वामित्वमा रहेको जग्गा र कूटनीतिक नियोगको नाममा रहेको जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(३) महानगरपालिकाले यस दफा बमोजिमको मालपोत र दफा १० बमोजिमको सम्पत्ति कर एकै पटक उठाउने छ ।

(४) उपदफा (१) अनुसार दोहोरो कर नलाग्ने व्यवस्थाकोलागि महानगरपालिकाले घर भएको जग्गाको भूमिकर (मालपोत) असुलउपर गरेपछि मात्र सम्पत्ति कर असुल गर्नेछ । यसरी सम्पत्ति कर असुल गर्दा घरले चर्चेको जति जग्गामा तिरेको भूमिकर (मालपोत) कट्टा गरी बाँकी रकम सम्पत्ति करको रुपमा असुल गर्नु पर्दछ ।

(५) करदाताले यस दफा बमोजिमको भूमिकर (मालपोत) वार्षिक रुपमा तिर्नु पर्नेछ ।

१२. **व्यवसाय कर** : (१) महानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थाले महानगरपालिकामा व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्राप्त गर्नुपर्नेछ ।

तर, यो ऐन प्रारम्भ हुनु अगावै महानगरपालिकामा दर्ता नगरी संचालन भैरहेका व्यवसाय यो ऐन जारी भएको मितिले छ महिनाभित्र यस ऐन बमोजिम महानगरपालिकामा दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गराउनु पर्नेछ ।

(३) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा वर्गीकरण गरी व्यवसाय दर्ता र नवीकरणमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा व्यवसाय कर लगाउने र उठाउनेछ ।

(४) यस दफा बमोजिमको व्यवसाय कर वार्षिक रुपमा बुझाउनु पर्नेछ ।

(५) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिनभित्र राजस्व शाखामा जानकारी दिनु पर्नेछ ।

(६) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असूल गरिनेछ ।

(७) कुनै करदाताले व्यवसाय बन्द गर्न चाहेमा यस ऐन बमोजिम लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

(८) व्यवसाय दर्ता, खारेजी, नवीकरण प्रक्रिया तथा व्यवसाय वर्गीकरण एवम् कर असूली, कर सहुलियत तथा जरिवाना सम्बन्धी व्यवस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

१३. **घरजग्गा बहाल कर** : (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा घरजग्गा बहाल कर लगाउने र असूल उपर गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोवास गर्ने व्यक्तिले आफ्नो घर जग्गा अन्य व्यक्ति वा संस्थालाई वहालमा दिएको वा कुनै जग्गा लिजमा लिई घर बहालमा दिएकोमा समेत महानगरपालिकाले यस ऐन बमोजिम घरजग्गा बहाल कर लगाउनेछ ।

(३) उपदफा (२) बमोजिम बहाल कर तिरेको आधारमा मात्र ऐलानी वा पर्ति वा सार्वजनिक जग्गामा बसोवास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्तिको स्वामित्व कायम भएको मानिने छैन र त्यस्तो जग्गा नेपाल सरकार वा अन्य सरकारी निकायबाट प्रचलित कानून बमोजिम खाली गर्ने वा संरचना हटाउने कार्यलाई यस ऐन बमोजिम बहाल कर तिरेको कारणले मात्र कुनै किसिमले बाधा पारेको मानिनेछैन ।

(४) उपदफा (१) र (२) बमोजिम लगाइने घरजग्गा बहाल करको दर सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(५) घरजग्गा बहाल करको प्रयोजनको लागि महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको व्यापारिक महत्व र उपलब्ध शहरी सेवा सुविधा समेत विचार गरी घर तथा जग्गाको आकार प्रकार र बनौट समेतका आधारमा वर्गीकरण गरी बहालको न्यूनतम् दर निर्धारण गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम दाखिला गर्नुपर्ने घरजग्गा बहाल कर वार्षिक रुपमा बुझाउनु पर्नेछ ।

(७) यस दफा बमोजिमको कर लगाउने प्रयोजनका लागि करदाता पहिचान र दर्ता, विवरण दाखिला, कर निर्धारण, कर दाखिला, असूली प्रक्रिया, करमा सहुलियत तथा जरिवाना आदिका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

१४. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** (१) महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका

जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र महानगरपालिकाले कर लगाउँदा कारोवार भएको वस्तुको परिमाणको आधारमा कर लगाउने छ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ती वा संस्थालाई महानगरपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

१५. सवारी साधन कर :

(१) महानगरपालिकाले कर लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, अनुमति, नवीकरण तथा नियमनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि वनाई लागु गर्न सक्नेछ ।

(२) यस दफा बमोजिम लगाइएको सवारी कर वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

१६. विज्ञापन कर: (१) महानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

तर, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेका विज्ञापनमा यस ऐन बमोजिमको कर लाग्ने छैन ।

(२) महानगर क्षेत्रभित्र यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न चाहने व्यक्ति वा संस्थाले महानगरपालिकाबाट अनुमति लिनु पर्नेछ र विज्ञापन कर निजबाट असूल गरिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति पत्र दिँदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य विगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(४) कुनै कम्पनी, फर्म, एजेन्सी, संघसंस्था वा व्यक्ति अरु कसैले प्रायोजन गरेको सूचनापाटी (होर्डिंग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी राजस्व शाखाले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ ।

(५) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन ।

(६) यस दफा बमोजिम महानगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँट गरिनेछ ।

(७) यस दफा बमोजिमको कर उठाउन आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

परिच्छेद -५

गैरकर राजस्व

१७. **सेवा शुल्क तथा दस्तुर :** (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवल कार, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क लगाइ असूल उपर गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्क सेवा संचालकले वार्षिक रुपमा दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सेवा शुल्क लागु भएका व्यवसायले आर्थिक ऐन बमोजिम लाग्ने व्यवसाय कर समेत एकै पटक संकलन गर्न सकिने छ ।

(४) महानगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवाग्राहीलाई सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, बिजुली, एम्बुलेन्स, सबवहान र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, अतिथि गृह, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, बस पार्क, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोबीघाट र त्यस्तै अन्य सुविधा,

(घ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(ङ) महानगरपालिकाले प्रदान गर्ने न्यायिक सेवा, सिफारिश, प्रमाणित, इजाजत सम्बन्धी सेवा,

(५) महानगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, स्थानीय पत्र पत्रिका, "घ" वर्गको निर्माण व्यवसायी इजाजत, सहकारी दर्ताअनुमति, कृषक समूह दर्ता अनुमति, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता अनुमति, घरेलु तथा साना उद्योगहरुको दर्ता अनुमति, टावर राख्न अनुमति, आदि सेवामा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क दस्तुर लगाउने र उठाउनेछ ।

१८. **पर्यटन शुल्क** : (१) महानगरपालिकाले आफैले निर्माण, सञ्चालन र व्यवस्थापन गरेको पर्यटकीय स्थल वा अन्य कुनै निकाय वा संस्थाद्वारा व्यवस्थापन गरिएका पर्यटकीय स्थल वा पर्यटकीय कृयाकलापमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि महानगर क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

१९. **सवारी साधन पार्किंग शुल्क**: महानगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर, राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(२) महानगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ ।

(३) महानगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

२०. **विक्री तथा शुल्क** : (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलवाट वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा उत्पादन हुने स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुहरु सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुहरु विक्रीकोलागि विक्री परिमाण तथा न्यूनतम दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढ माध्यमवाट सो नभएमा घाटगद्धि गरी तोकिएको दरमा आफैले विक्री गर्न सक्नेछ ।

(३) महानगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा संचालित खानीबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणले तोकेको परिमाणमा गरिने स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तुको उत्खनन्, संकलन वा विक्रीमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा संकलन शुल्क लगाउनेछ ।

(४) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर वहत्तर आदिको विक्री गर्न सक्नेछ ।

(५) महानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका प्रयोगमा नआउने पुराना र कामनलाग्ने वस्तु, उपकरण तथा सामानहरु कार्यपालिकाको निर्णय बमोजिम लिलाम विक्री गर्न सक्नेछ ।

(६) महानगरपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम, पुस्तक, घर नम्बर प्लेट, नक्शा वा अन्य सेवाहरु सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम बिक्री तथा संकलन शुल्क वापत प्राप्त रकम महानगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

बहालविटौरी शुल्क : (१) महानगरपालिकाले आफ्नो स्वामित्वमा रहेको वा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको पोखरी, हाटबजार, प्रदर्शनीस्थल वा मेला वा जात्रामा अस्थायी अनुमति दिएका घर पसल तथा सार्वजनिक, पर्ति वा ऐलानी जग्गामा बनेका संरचनाको उपयोग बापत सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बहालविटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बहाल विटौरीमा दिंदा अवधी तोकी शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

(२) यस दफा बमोजिम महानगरपालिकालाई बहाल विटौरी शुल्क बुझाएकै आधारमा मात्र त्यस्तो घर जग्गा वा सम्पत्ति उपर सोको उपयोग गर्ने व्यक्तिको कुनै किसिमले स्वामित्व कायम भएको मानिनेछैन र महानगरपालिका वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले त्यस्तो घर जग्गा वा सम्पत्ति जुनसुकै बखत खाली गर्न यस व्यवस्थाले बाधा पुर्‍याएको मानिनेछैन ।

२२. **सम्पत्ति भाडा/वहाल** : (१) महानगरपालिकाको आफ्नो स्वामित्वमा रहेको भवन, सभागृह, जग्गा, मेसिनरी साधन, उपकरण आदिमा आर्थिक ऐनले तोकेको भन्दा कम नहुने गरी भाडा वा वाहालमा दिई आय आर्जन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ६ महिना भन्दा बढी अवधिकोलागि भाडा वा वहालमा दिंदा प्रतिश्प्रधात्मक पद्धति अपनाई भाडा वा वहालमा दिनु पर्नेछ ।

२३. **सामुदायिक वनबाट आय प्राप्त गर्ने** : (१) महानगरपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार उपयोग तथा बिक्री सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई महानगरपालिकावाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सामुदायिक बनले महानगरपालिकाको सञ्चित कोषमा जम्मा गनुपर्नेछ ।

परिच्छेद - ६

छुट, जरिवाना र व्याज (हर्जाना) सम्बन्धी व्यवस्था

२४. **छुट वा सहुलियत** : (१) महानगरपालिकाले प्राकृतिक विपद्, महामारी वा यस्तै विशेष अवस्थामा यस ऐन बमोजिम लागेको कर राजस्वका आधार र कारण खुलाई आर्थिक ऐनमा व्यवस्था गरी आंशिक वा पूण रूपमा छुट दिन वा अन्य किसिमका सहुलियत दिन सक्नेछ ।

(२) उपदफा (१) कमोजिमको छुट वा मिनाहा दिंदासवै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) वार्षिक रुपमा बुझाउनु पर्ने कर, गैर कर तथा ठेक रकम अग्रीम रुपमा वा पहिलो चौमासिक भित्र बुझाएमा लाग्ने रकममा दिईने छुटको दर आर्थिक ऐन तोके बमोजिम हुनेछ ।

(४) महिला, अशक्त तथा अतिविपन्न बर्गलाई प्रोत्साहन गर्न तथा नगरको व्यवस्थित विकासमा प्रोत्साहन हुने गरी निर्माण कार्य गराउन कर तथा गैर करमा आर्थिक ऐनले तोके बमोजिमको दरमा छुट दिन सकिनेछ ।

२५. **मिनाहा** : (१) महानगरपालिकाले प्राकृतिक विपद्, महामारी वा यस्तै विशेष अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजस्वमा आधार र कारण खुलाई कार्यपालिकाको निर्णयको आधारमा आंशिक वा पूर्ण रूपमा मिनाहा गर्न सक्नेछ ।

(२) उपदफा (१) कमोजिमको मिनाहा दिँदा समान अवस्थाका सवै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) उपदफा (१) बमोजिम गैरकर राजस्व मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि वस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ ।

२६. **जरिवाना लाग्ने** : (१) महानगरपालिकाको स्वीकृति बेगर शहरी सुव्यबस्थामा प्रतिकूल असर पर्ने गरी कानून विपरित सडकपेटी अतिक्रमण गर्ने, आवागमनमा अवरोध गर्ने, निर्माण सामग्री सडक वा सार्वजनिक स्थलमा जथाभावी थुपार्ने, वायु तथा ध्वनी प्रदुषण गर्ने, जथाभावी फोहोरमैला निष्काशन गर्ने, निषेधित क्षेत्रमा सवारी पार्किङ्ग तथा पसल व्यवसाय गर्ने व्यक्तिलाई सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिम जरिवाना लगाई असूल उपर गरिनेछ ।

(२) महानगरपालिकाको इजाजत वा स्वीकृति लिई गर्नुपर्ने कार्यहरु जस्तो भवन निर्माण, जग्गा प्लटिङ्ग, प्राकृतिक स्रोत साधन उत्खनन कुनै व्यक्ति वा संस्थाले स्वीकृत नलिई गरेको पाईएमा सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवाना लगाई असूल उपर गरिने छ ।

२७. **ब्याज (हर्जाना) लाग्ने** : कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर, दस्तुर, सेवाशुल्क समयमा दाखिला नगरेमा अन्यत्र व्याज (हर्जाना) तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज (हर्जाना) लाग्नेछ ।

२८. **समयमा विवरण दाखिदा नगरेमा जरिवाना लाग्ने** : यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम बिवरण दाखिला गर्नुपर्ने वा नविकरण गराउने दायित्व भएको व्यक्ति वा संघसंस्थालाई रु दुई सय जरिवाना असुल उपर गरी विवरण दर्ता वा नविकरण गरिनेछ ।

झुट्टा विवरण दिएमा जरिवाना लाग्ने : यस ऐन तथा प्रचलित कानून बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले कर छल्ने नियत लिई झुट्टा वा अधुरो विवरण दाखिला गरेमा नियमानुसार लाग्ने करको आधा रकम जरिवाना सहित लाग्ने कर निजबाट असूल गरिनेछ ।

३०. **ब्याज (हर्जाना) नलाग्ने :** यस ऐन बमोजिम लाग्ने शुल्क, ब्याज (हर्जाना) र जरिवानामा पूनः ब्याज (हर्जाना) लाग्ने छैन ।

परिच्छेद - ७

करदाता दर्ता सम्बन्धी व्यवस्था

३१. **करदाताको पहिचान तथा दर्ता :** (१) राजस्व शाखाले यस ऐन बमोजिम कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(२) राजस्व शाखाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी प्रत्येक करदातालाई निश्चित पहिचान नम्बर प्रदान गरी व्यक्तिगत अभिलेखमा दर्ता गरी राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान नम्बर प्रदान गर्दा करदाताले महानगरपालिकालाई प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने सबै करको लागि एउटै करदाता पहिचान नम्बर कायम गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

३२. **करदाताको दायित्व :** यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विवरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाव किताव, अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

(छ) कर संकलन कार्यमा महानगरलाई आवश्यक सहयोग गर्ने ।

३३. **करदाताको अधिकार:** (१) यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार,

(ङ) यस ऐनमा उल्लेख भए बाहेक कर सम्बन्धी सूचना, तथ्यांक र विवरणको गोपनियता हुने अधिकार ।

३४. **करदाताको प्रतिनिधित्व** : (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरिक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेशले गर्न सक्नेछ ।

स्पस्टीकरण : यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्नसक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयम्ले गरेको मानिनेछ ।

परिच्छेद - ८

विवरण दाखिला सम्बन्धी व्यबस्था

३५. **विवरण दाखिला गर्न आदेश दिन सक्ने** : (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विबरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विबरण दाखिला गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले तीस दिनभित्र राजस्व शाखामा विवरण दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार कारण खोली समयावधी थपको लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्य हेरी तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

३६. **विवरण सच्याउन सकिने** : (१) यस परिच्छेद बमोजिमको विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले सो सम्बन्धी तथ्य वा प्रमाण संलग्न गरी पहिलो विवरण दाखिला गरेको तीन महिनाभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्न लगाई व्यहोरा मनासिव ठहर गरेको अवस्थामा तीस दिनभित्र विवरण स्वीकृत दिन सक्नेछ ।

परिच्छेद - ९

कर निर्धारण

कर निर्धारण : (१) करदाताले पेश गरेको विवरण र आर्थिक ऐनले गरेको व्यवस्था बमोजिक कर अधिकृतले प्रत्येक करदाताले तिर्नुपर्ने करको निर्धारण गर्नु पर्दछ ।

(२) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको अवस्थामा कर अधिकृतले अनुमानका आधारमा कर निर्धारण गरी करदातालाई जानकारी दिन सक्नेछ ।

(३) करदाता तथा करको आधारको अभिलेख राख्ने तथा कर निर्धारणकोलागि महागनरपालिकाले कम्प्युटर सफ्टवयर प्रणालीलाई प्रयोगमा ल्याउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्यकोलागि सम्भव भएसम्म नेपाल सरकार वा प्रदेश सरकारले विकास गरेको वा स्वीकृत गरेको सफ्टवयरलाई प्रयोगमा ल्याउनु पर्दछ ।

३८. **कर निर्धारणको सूचना :** (१) यस ऐन बमोजिम कर निर्धारण भएको सूचना प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिक भित्र सम्वन्धित करदाताहरुलाई दिनु पर्दछ र यस्तो सूचना विजक जारी गरी वा पत्र मार्फत वा इमेल वा एसएमएसवाट दिन सकिनेछ ।

परिच्छेद - १०

कर सूचना तथा कर दाखिला सम्बन्धी व्यबस्था

३९. **कर रकमको जानकारी दिने :** (१) आर्थिक ऐनको व्यवस्था बमोजिम करदाताले तिर्नुपर्ने कर रकम निर्धारण गरी करदाताहरुलाई सोको अग्रिम जानकारी दिने दायित्व राजस्व शाखाको हुनेछ ।

(२) करदाताहरुलाई तिर्नुपर्ने कर रकमको जानकारी दिन राजस्व शाखाले पत्राचार वा सूचना प्रविधिका अन्य माध्यमहरुलाई प्रयोगमा ल्याउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ र समयभन्दा पहिले दाखिला गरेमा आर्थिक ऐन बमोजिम छुट दिनु पर्नेछ ।

दाखिला गर्नुपर्ने : (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर सम्बन्धित परिच्छेदहरुमा समय खुलेको गरिएकोमा सोही समय सीमाभित्र र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्ष भित्र राजस्व शाखा वा महानगरपालिकाले तोकेको स्थानमा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर दाखिला प्रयोजनकोलागि करदाताले अनलाईन सेवा वा अन्य माफर्त महानगरपालिकाले तोकिदिएको बैंक खातामा कर रकम दाखिला गर्न सक्नेछ ।

कर दाखिलाको निस्सा दिनुपर्ने : करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझिलिए पछि राजस्व शाखाले तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

किस्तावन्दीमा कर असूली : कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने अवस्था सिर्जना भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण मनासिव देखिएमा पर्चा खडा गरी प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुरुप बढीमा एक वर्षभित्र तीन किस्तासम्ममा कर दाखिला गर्न आदेश दिन सकिनेछ ।

४३. **कर असुली सम्बन्धी थप व्यबस्था** : (१) यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर तथा गैर कर राजस्व वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका अपनाई कर असूल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर ।

(ग) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर ।

(घ) करदाताको कारोबार रोक्का गरेर ।

(ङ) करदाताको चल तथा अचल सम्पत्ति दावी वा कब्जा गरेर ।

